


छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २५ •अंक १३६ • २०७९ साल आश्विन १७ गते सोमबार (3 October, Monday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।–

# गठबन्धनप्रति जसपाको असंतुष्टि कायमै

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको असन्तुष्टिलाई लिएर शीर्ष नेता बसेको बैठक निष्कर्षविहीन भएको छ । आइतबार बालवाटरस्थित शीर्ष नेताहरु बसेको बैठकले जसपाको असंतुष्टिलाई सम्बोधन गर्न सकेको छैन ।

जसपा सम्मानजनक सिट बाँडफाँटको लागि निर्णायक वार्ता गर्न बैठकमा सहभागी भएको थियो । जसपाका अध्यक्ष उपेन्द्र यादव बैठक शुरु भएको केही समयपछि नै बैठकबाट बाहिरिएका थिए । कार्यदलले तयार पारेको सिट बाँडफाँटमा सम्मानजनक स्थान नदिएको भन्दै जसपाको गठबन्धनप्रति नै असंन्तुष्टि छ । बैठकबाट निस्किएर अध्यक्ष यादव जसपा पार्टी कार्यालय आएका थिए ।

कार्यालयमा पार्टीका नेताहरुसँग बैठक बारे छलफल गरेका थिए । सो छलफलमा अन्य दलसँग तालमेल खुल्ला राख्ने निर्णय भएको बुझिएको छ । गठबन्धनको बैठक कुनै निर्णय गर्न नसक्दा गठबन्धन बारे अन्योलता देखिएको छ । मधेश प्रदेशमा जसपालाई दिएको सिट सन्तोषजनक नभएको भन्दै शनिबार नै कार्यकारिणी समितिको बैठकले गठबन्धन बाहिर जाने संकेत गरेको थियो । जसपाले प्रतिनिधिसभामा २० सिटमा दाबी गरेको छ । तर, कांग्रेस र माओवादी केन्द्रले भने १६ सिट दिने खाका तयार गरेको छ ।

जसपाले अनौपचारिक रुपमा अन्य दलसँग तालमेलको लागि छलफल गरिरहेको छ । यस क्रममा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुर र जसपा अध्यक्ष यादवबीच भेटघाट भएको छ । नेकपा एमालेका नेताहरु पनि चुनावी तालमेलका लागि लाइनमै

> **मधेश प्रदेश सभामा प्रत्यक्षतर्फ ६४ सिट छ । मधेश प्रदेशमा बहुमत नभए पनि प्रदेशको ठूलो पार्टी बनेर सरकारको नेतृत्व गर्नका लागि उनी अहिल्यैबाट वातावरण बनाउने प्रयासमा लागेका छन् ।**

रहेको बताइएको छ । जसपा गठबन्धनबाट अलिगएर लोसपा, एमाले र जनमत पार्टीसँग तालमेल गर्न विकल्प राखेका छन् । जसपा अध्यक्ष यादवले शनिबार एमाले अध्यक्ष केपी शर्मा ओलीलाई र आइतबार महासचिव शंकर पोखरेलसँग भेटघाट गरी सघन छलफल गरेका छन् । यद्यपि एमालेले लोसपासँग पनि तालमेल गर्ने केही दिन पहिले इच्छा देखाएका थिए । तर अहिलेसम्म तालमेल गर्न सकेको छैन् ।

नेकपा एमाले जसपालाई २० देखि २५ सिट दिन तयार छ । काँग्रेसले पनि जसपा गठबन्धनभन्दा बाहिर नजान दिन प्रयासरत रहे पनि काँग्रेस आफ्नै आन्तरिक कलहका कारण निष्कर्षमा पुग्न सकिरहेको छैन् । कार्यकारिणी समितिको बैठकबाट जसपाले आगामी निर्वाचनमा एक्लै जानसक्ने विकल्पलाई पनि खुल्ला राखेका छन् ।

मधेशलाई आधार बनाएर राजनीति गरिरहेको जसपाले मधेश प्रदेशमा बढी सिटका लागि दाबी गरिरहेको छ । केही दिन अघि गठबन्धनको बैठकमा जसपाले ३२ सिटमा दाबी गरेको थियो । दल परित्यागको लहरका कारण एमाले पनि उम्मेदवार छनौट गर्न इच्छुक नभइ दसैं पछि गर्ने तयारीमा छ । पार्टी सचिवालयबाट उम्मेदवार छान्ने जिम्मेवारी पाए पनि ओली केही समय कुरेर बस्न चाहिरहेका छन् ।

जसपा अध्यक्ष उपेन्द्र यादव आगामी चुनावपछि पनि मधेश प्रदेशमा जसपाकै नेतृत्वमा सरकार बनाउन चाहन्छन् । मधेश प्रदेश सभामा प्रत्यक्षतर्फ ६४ सिट छ । मधेश प्रदेशमा बहुमत नभए पनि प्रदेशको ठूलो पार्टी बनेर सरकारको नेतृत्व गर्नका लागि उनी अहिल्यैबाट वातावरण बनाउने प्रयासमा लागेका छन् ।











**दुर्गा भवानीको पूजाअर्चना** : जलेश्वर नगरपालिकाको महेन्द्रचोकमा निर्मित दुर्गा भवानीको प्रतिमा आज आइतबार दिउँसोदेखि माता दुर्गाको प्रतिमा अनावरण गरी पूजाअर्चना सुरु ।

*तस्विर : रासस*

# मानव सेवाश्रममा पहिलो भोजन

**टुडे समाचारदाता**

हरिवन । सर्लाहीको हरिवन नगरपालिका-१, कैलाशपुरी स्थित मानव सेवाश्रममा समाजसेवी नरेन्द्रप्रसाद साहले आइतबार पहिलो भोजन गराएका छन् ।

हरिवन नगरपालिका-९, नयाँरोडमा भाडाको घरबाट संचालन भइरहेको आश्रम शनिबार बेलुकामात्रै कैलाशपुरीस्थित नगरपालिका कार्यालयले प्रदान गरेको ज्येष्ठ नागरिक भवनमा सारिएको छ ।



उनले आइतबार सोही ठाउँमा पुगेर आश्रममा रहेकाहरुलाई भोजन गराएका हुन् । साहसँगै हरिवन नगरपालिकाका मेयर रमेश बुढाथोकी (कमल) पनि आश्रम पुगेका थिए । समाजसेवी साह मंसिर ४ मा हुन लागेको निर्वाचनमा सर्लाही क्षेत्र नं. ३ मा गठवन्धनको तर्फबाट संघीय चुनाव लड्ने तयारीमा छन् । उनी गएको बुधबार मात्रै नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका थिए । यसैबीच, समाजसेवी साह आइतबार बिहान हरिवनस्थित सुखेपोखरीमा भएको सडक सरसफाइ कार्यक्रममा सहभागी भएका थिए ।

हरिवन नगरपालिकाका मेयर बुढाथोकीको अगुवाइमा हरेक शनिबार चल्दै आइरहेको सार्वजनिक स्थल सरसफाइ अभियान अन्तर्गत आइतबार सुखेपोखरी क्याम्पसदेखि पश्चिमतर्फको सडक सरसफाइमा साह पनि सरिक भएका थिए ।

सडकको दायाँबायाँ झाडी फाड्नेदेखि अन्य सरसफाइको कार्यमा साहसँगै निवर्तमान प्रदेशसभा सदस्य डिल्लीप्रसाद उप्रेती, सुरक्षाकर्मी, स्थानीयवासीको सहभागिता रहेको थियो।

# स्रोतमै फोहर वर्गीकरण : भएन कार्यान्वयन

काठमाण्डु । महानगरपालिकाले स्रोतमा नै फोहरको वर्गीकरण गर्ने भने पनि नगरवासीको असहयोगका कारण अझै कार्यान्वयन हुन सकेको छैन । फोहर व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउने भन्दै कामपाले गत साउन १ गतेदेखि स्रोतमै कुहिने र नकुहिने फोहर वर्गीकरण गर्न नगरवासीलाई सार्वजनिक सूचनामार्फत आग्रह गरेको थियो ।

जुनसुकै बार पनि नागरिकले सबै किसिमका फोहर एकै भाँडोमा राखेर महानगरको गाडीसम्म लाने गरेको भेटिएको छ । उता फोहरको दीर्घ व्यवस्थापन गर्ने वञ्चरेडाँडामा पनि कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि स्थान तयमै पनि अलमल देखिएको छ । महानगरपालिकाले फोहर नछुट्याएर रु पाँच सय जरिवाना गर्ने भनी सूचना जारी गरेको थियो । विसं २०६८ मा सरकारले जारी गरेको फोहरमैला व्यवस्थापन ऐन र विसं २०७७ मा काठमाडौं महानगरले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम सहरी सरसफाइ र स्वच्छताका लागि दायित्व पूरा नगर्नेलाई जरिवाना गर्न सक्ने कानूनी व्यवस्था छ ।

ऐनमा फोहरलाई स्रोतमै छुट्याउने दायित्व उत्पादकको हुने व्यवस्था छ । यसअनुसार उत्पादकले घरमै जैविक र अजैविक फोहरलाई छुट्टाछुट्टै भाँडामा राख्नुपर्ने हुन्छ । विकसित मुलुकले सहरबाट निस्कने फोहरलाई व्यवस्थित रूपमा विसर्जन गरी आन्दानीको स्रोतका रुपमा उपयोग गरिरहेका छन् तर काठमाडौंको फोहर व्यवस्थापनको विकराल समस्याले मुलुकलाई नै गिज्याइरहेको छ । त्यसो हुनु दीर्घकालीन योजनाको अभाव हो । विज्ञका



अनुसार फोहरलाई प्रारम्भमै वर्गीकरणका साथै उत्पादनमा समेत कमी ल्याउने, प्लाष्टिकको विकल्पमा जुटको झोलाको प्रयोग बढाउने, शून्य फोहर (जिरो वेस्ट) अवधारणा प्रवर्द्धन गर्ने र आधुनिक प्रविधि प्रयोग गर्नसके केही व्यवस्थापन गरी उपत्यकाभित्रको फोहर व्यवस्थापनका एकै किसिमका आधुनिक विधि अपनाउनु जरुरी छ । कामपाको कूल ३२ वडामध्ये भित्री नौ वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहर व्यवस्थापन हुँदै आएको छ । फोहर वर्गीकरण योजना भने ३२सै वडामा लागू गरिएको छ ।

हरेक दिन उपत्यकाबाट एक हजार २०० मेट्रिकटन फोहर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ । त्यसमध्ये सबैभन्दा बढी कामपाको ५०० मेट्रिकटन फोहर जान्छ । नजी क्षेत्रबाट व्यवस्थापन हुने र कामपाको गरी दैनिक कम्तीमा २०० गाडीले फोहर ओसार्छन् । जाइकाको सहयोगमा दुई वर्षका लागि भनेर विसं २०६२ मा काठमाडौं उपत्यकाको फोहर नुवाकोटको ककनी गाउँपालिका-२ सिसडोलमा फ्याँक्न सुरु गरिएको थियो । आज १६ वर्ष हुँदा पनि त्यहाँ फोहर फ्याँक्ने काम जारी छ । सिसडोलमा चार सय ३२ रोपनी जग्गामा फोहर फालिँदै आएको थियो। बञ्चरेडाँडामा फोहर व्यवस्थापनका लागि भने एक हजार सात सय ९२ रोपनी जमिन छुट्याइएको छ । सिसडोलमा दैनिक एक हजारदेखि एक हजार २०० मेट्रिकटनसम्म फोहर फाल्ने गरिएको छ । उपत्यकाको १८ पालिकाको फोहर दैनिकरूपमा सिसडोलमा पुग्छ । सुरुमा गोकर्ण, सिसडोल हुँदै अहिले बञ्चरेडाँडामा फोहर व्यवस्थापन गरिँदै आएको छ ।

**जारी छ, स्थान पहिचानको काम**

कामपाले कुहिने फोहर काठमाडौं उपत्यकामा नै व्यवस्थापन गर्नका लागि स्थान पहिचानको काम जारी रहेको जनाएको छ । सबै किसिमका फोहर बञ्चरेडाँडा पुऱ्याउँदा पटकपटक समस्या सिर्जना भएकाले आगामी दिनमा प्रभावकारीरुपमा फोहरको दीर्घ समाधानका लागि स्थान पहिचानको काममा लागिएको कामपाले जनाएको छ । बञ्चरेडाँडामा हानिकारक फोहर व्यवस्थापन नगर्ने योजनाअनुरुप कामपाले यस किसिमको अभ्यास सुरु गरेको हो । त्यसका लागि उपत्यकामा तीन स्थानमा पहिचान गरिएको छ । रासस

# धार्मिक विधिपूर्वक फूलपाति भित्र्याइयो

मकवानपुर।बडादसैंकोउपलक्ष्यमा हेटौंडा उपमहानगरपालिका-१० राप्तितडस्थित गोरेक्षश्वर महादेव मन्दिरको परिसरबाट आइतबार बिहान निस्किएको धार्मिक भक्तजनको शुभयात्रासहित ल्याइएको फूलपाती स्थानीय भूटनदेवी मन्दिरको जमरा घरमा धार्मिक विधिपूर्वक भित्र्याइयो । उक्त अवसरमा नेपाली सेनाको एक टुकडी र नेपाल प्रहरीको जवानले हर्षबढाईसहित सलामी अर्पण गरेका थिए ।

फूलपाती लिन मकवानपुरका प्रजिअ राजेन्द्रदेव पाण्डे, हेटौंडा उपमहानगरपालिकाकाप्रमुखमीनाकुमारी लामा, बागमती प्रदेशका प्रहरी नायब महानिरीक्षक (डिआइजी) किरण बज्राचार्य, नेपाली सेनाका उच्च अधिकृत, स्थानीय समाजसेवी, धार्मिक भक्तजन र राजनीतिक दलका प्रतिनिधि स्थानीय गोरेक्षश्वर मन्दिरमा पुगेका थिए ।

यसैगरी गोरेक्षश्वर मन्दिरबाट निस्किएको अर्को धार्मिक शुभयात्राले हेटौंडा उपमहानगरपालिका-२ वनस्खण्डीको जमरा घरमा ल्याएको फूलपाती आजै वनस्खण्डी मन्दिरमा भित्र्याइएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राममान श्रेष्ठले जानकारी दिनुभयो ।

सोही स्थानमा फूलपाती भित्र्याउन नेपाली सेनाको म्याउली बाजा र नेपाल प्रहरीको ब्याण्ड बाजा, झाँक्री र धार्मिक भक्तजन सम्मिलित शुभयात्राले हेटौंडा नगरको विभिन्न स्थानमा परिक्रमा गरेको थियो ।रासस


# सुदीप गौतम : जसले मर्दी हिमाललाई विश्वमा चिनाए

गण्डकी । पछिल्लो समयमा पदयात्रा पर्यटनमा चासो र चर्चा कमाएको गन्तव्य हो मर्दी हिमाल । झण्डै डेढदशक अघिसम्म मर्दी हिमाल पदयात्रा गुमनाम जस्तै थियो । जब डेढदशक अघि कास्कीको माछापुच्छे गाउँपालिका-९ सिदिङका सुदीप गौतमले मर्दी हाइक्याम्पमा होटेल सञ्चालन सुरु गर्नुभयो त्यबेला उहाँलाई अधिकांशले उपहासको पात्र बनाए ।

तत्कालीन समयमा फाट्टफुट्ट भकारी र चित्राले बारिएका भेडीगोठ मात्रै रहेको मर्दीमा पदयात्रा पर्यटनको विकासको लक्ष्यका साथ गौतमले गरेको निरन्तरको प्रयाससँगै अहिले भने मर्दी हिमाल पदयात्रा विश्वमाझ नै आशालाग्दो गन्तव्य बनिसकेको छ । सानो उमेरमा नै मर्दी हिमाललाई विश्वमाझ परिचित गराएका गौतमको शुक्रबार साँझ मर्दी हिमालमा खानेपानीको मर्मतका क्रममा ३५ वर्षको कलिलै उमेरमा निधन भएको छ ।

तत्कालीन समयमा उपहासको पात्र बने पनि त्यसको पर्वाह नगरी निरन्तर यस क्षेत्रको प्रवर्द्धनमा लागेका गौतमकै पदचाप पछ्याउँदै पछिल्लो समयमा मर्दीमा ठूलो सङ्ख्यामा सुविधा सम्पन्न होटेल बनिसकेका छन् । पोखराबाट नजिकैको पदयात्रा मार्गका रूपमा मर्दीले आफ्नो पहिचान स्थापित गरिसकेको छ ।

सन् २००७ मा गौतमले मर्दी हाइक्याम्पमा होटेल ट्रेकर्स प्याराडाइज सञ्चालन गर्नुपूर्व हाइक्याम्पमा मात्र नभई मर्दी पदयात्रा मार्गका फरेष्ट क्याम्प, लो क्याम्प, बादलडाँडा, डुँडखर्कलगायतका कुनै पनि स्थानमा होटेल थिएनन् । पदयात्रा मार्गमा डेढदशक अघिसम्म केवल भैंसीगोठ मात्रै रहेका अवस्थामा क्याम्पिङका भरमा रात कटाउनुपर्ने



बाध्यता गौतमकै प्रेरणासँगै बनेका होटेललगायतका पूर्वाधारले अन्त्य गरिदिएका छन् ।

आफ्नो जीवनकालमा अहोरात्र मर्दीकै प्रवर्द्धन र विकासमा लागेका गौतमको मर्दी हाइक्याम्पमा नै पानीको लाइनमर्मत गर्ने क्रममा चिप्लिएर लड्दा निधन भएको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष शेषकान्त शर्माले जानकारी दिनुभयो ।

मर्दी हिमाल पर्यटन पदमार्ग व्यवस्थापन समितिका संस्थापक अध्यक्षसमेत रहेका गौतमको पर्वतीय पर्यटनमा विशिष्ट योगदान रहेको अध्यक्ष शर्मा बताउनुहुन्छ । "गौतम नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशको सचिवको जिम्मेवारीमा समेत रहनुभएको थियो, उहाँले भन्नुभयो, "पर्वतीय पर्यटनमा मर्दी हिमाल मात्र नभएर अन्यस्थलको प्रवर्द्धन र विकास गर्नुपर्छ भन्ने उहाँको सोच थियो । माछापुच्छ्रेकै तीन शिरको प्रवर्द्धनका लागि केही महिनाअघि भएको कार्यक्रममा पनि स्व गौतमको नेतृत्वदायी भूमिका रहेको उहाँले स्मरण गर्नुभयो ।

पोखरा-बागलुङ राजमार्गअन्तर्गतको काँडे हुँदै मर्दी हिमालको पदयात्रा गर्ने पर्यटकले पहिलो रात फरेस्ट क्याम्पमा बिताउँछन् । फरेष्ट क्याम्प दुई हजार छ सय मिटरको उचाइमा छ । त्यहाँ रात बिताएका पर्यटक भोलिपल्ट लगभग छ/सात घण्टाको पदयात्रापछि तीन हजार पाँच सय ५० मिटर उचाइको मर्दी हाइक्याम्प पुग्दछन् । हाइक्याम्पबाट बिहान झिसमिसेमा उठेर पदयात्री चार हजार दुई मिटरको भ्यू प्वाइन्ट पुग्छन् र त्यहाँबाट मर्दी हिमाल आधार शिविरसम्म पुगेर फर्कने गर्दछन् ।

मर्दी हाइक्याम्पबाट करिब दुई घण्टामा चार हजार दुई मिटर उचाइको 'भ्यु प्वाइन्ट' र त्यहाँबाट दुई घण्टामा चार हजार पाँच सय मिटर उचाइको मर्दी आधार शिविर पुग्न सकिन्छ । कास्कीको काँडेबाट प्रारम्भ हुने यस पदयात्रा मार्गमा अष्ट्रेलियन क्याम्प, पोथना, प्रितम देउराली, फरेष्ट क्याम्प, लो क्याम्प, बादलडाँडा हुँदै मर्दी हाइक्याम्पसम्म बनेका पूर्वाधार तथा थपिँदै गएका सेवा सुविधामा कुनै न कुनै रूपमा गौतमको योगदान रहेको यहाँका व्यवसायी स्मरण गर्दछन् ।

पर्यटकलाई लक्षित गरी पदयात्रा मार्गको हाइक्याम्पमा १३ वटा, फोरेष्ट क्याम्पमा १२ वटा, लो क्याम्पमा नौवटा, बादल डाँडामा छवटा र डुँडखर्कमा तीनवटा होटेल सञ्चालनमा आइसकेका छन् ।

सन् १९९० देखि २००७ सम्म पदयात्रा मार्गका विभिन्न स्थानमा भैंसीपालन गर्दै आएका व्यवसायीले क्याम्पिङ गरी बस्ने पर्यटकलाई सेवा प्रवाह गरिरहेकोमा त्यसयता भने भने ठूलै सङ्ख्यामा खुलेका होटेलले पर्यटकको चाहनाअनुसार सेवा प्रवाह गरिरहेको अघिल्लो वर्ष राससससँगको कुराकानीमा गौतमले बताउनुभएको थियो ।

गौतमको निधनले पदयात्रा पर्यटनका क्षेत्रमा अपूरणीय क्षति पुगेको टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष सुशीलराज पौडेलले बताउनुभयो । उक्त पदयात्रा मार्ग मात्र नभई गौतमले पर्वतीय पर्यटनसँगै पदयात्रा पर्यटन र वातारणीय संरक्षणमा अतुलनीय योगदान गर्नुभएको उहाँले स्मरण गर्नुभयो ।

गौतमकै पहलमा गत वर्ष मर्दी हिमाल आधार शिविरमा दिगो हिमालयन कोष नामक संस्थाको आयोजनामा पहिलो पटक स्की महोत्सव भएको थियो । मर्दी हिमालमानैपर्यटनरपर्वतारोहणको प्रयोगात्मक शिक्षा दिनेस्थलका रूपमा विकास गर्ने लगायतका विभिन्न योजनासमेत गौतमले अघि सार्नुभएको थियो । रासस


## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : धन बृद्धि सञ्चय । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**शक्ति पिठ पुरानो गुहेश्वरी**: तारकेश्वर नगरपालिका वडा न ४ मा रहेको शक्ति पिठ पुरानो गुहेश्वरी मन्दिरमा फूलपातीको दिन पूजा गर्न लाइन बस्नु भएका भक्तजनहरु। *तस्विर : रासस*

# बहिरङ्गबाहेकका सेवा नियमित



चितवन । दसैँको बिदामा यहाँका अस्पतालले सेवालाई नियमित गर्ने भएका छन् । प्रायः अस्पतालले बहिरङ्गबाहेकका सम्पूर्ण सेवा नियमित सञ्चालन गर्ने भएका हुन् । केही अस्पतालले भने दसैँको टीकाको दिनबाहेक अन्य दिनमा बहिरङ्ग सेवा समेत नियमित सञ्चालन गर्दैछन् ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेन्ट प्रा डा कृष्णप्रसाद पौडेलले बहिरङ्ग सेवाबाहेकका अन्य सबै सेवा नियमित सञ्चालन हुने जानकारी दिनुभयो। बहिरङ्गको अत्यावश्यक खोप, ड्रेसिङलगायतका सेवा भने टीकाको दिनबाहेक अन्य दिन सञ्चालन हुने उहाँको भनाइ छ। सोका लागि हरेक दिन बिहान ९ देखि १० बजेसम्म सेवा सञ्चालन हुने व्यवस्था मिलाइएको छ।

यसबाहेकका अन्य सबै सेवा पूर्ववत् अवस्थामा सञ्चालनमा आउने छन् । पौडेलका अनुसार प्रसूतिलगायतका विभागमा विशेषज्ञ चिकित्सकले पालो मिलाएर सेवा दिने छन् ।

चितवन मेडिकल कलेजले टीकाको दिनबाहेक अन्य दिनमा बहिरङ्ग सेवासमेत दिने भएको छ । कलेजका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाका अनुसार टीकाको दिनमा बहिरङ्ग सेवा हुँदैन भने अन्य सबै सेवा सो दिनमा पनि सञ्चालन हुनेछन् ।

फूलपातीको दिनबाट टीकाको भोलिपल्टसम्म बहिरङ्ग सेवा बिहान ८ देखि मध्याह्न १२ बजेसम्म सञ्चालन गर्ने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो । सबै विभागमा विशेषज्ञ चिकित्सकले पालो मिलाएर सेवा दिने उहाँको भनाइ छ । दसैँको समयमा दुर्घटनाका बिरामी बढी आउने भएकाले मेडिकल कलेजले आकस्मिक र ट्रमा सेन्टरमा विशेष व्यवस्था गरेको छ।

कलेज अफ मेडिकल साइसेन्स शिक्षण अस्पताल (पुरानो मेडिकल कलेज) का उपनिर्देशक डा राजेश यादवका अनुसार बहिरङ्ग बाहेकका सबै सेवा दसैँ बिदाभर पनि सञ्चालन हुनेछन् । फूलपातीको दिनदेखि टीकाको भोलिपल्टसम्म बहिरङ्ग सेवा बन्द भए पनि आकस्मिक सेवाबाट बिरामीलाई उपचार व्यवस्था गरिएको छ । उहाँले भन्नुभयो, "बहिरङ्गबाहेक अन्य सबै सेवा पूर्ववत् अवस्थामा सञ्चालन हुन्छन् ।"

यस्तै निजी केही अस्पतालले दसैँको बेलामा उपचारको विशेष व्यवस्था गरेका छन् । मौलाकालिका अस्पतालले टीकाको दिन टीका लगाउने समयबाहेक अन्य समयमा पूर्ववत् अवस्थामा सबै सेवा दिने जनाएको छ । अस्पतालका प्रबन्ध निर्देशक डा केशव भुर्तेलका अनुसार चिकित्सकले पालो मिलाएर उपचार सेवा दिने व्यवस्था मिलाइएको छ । उहाँका अनुसार अधिकांश विभागमा तीन जना विशेषज्ञ चिकित्सक र धेरै स्थानीय भएकाले सेवा रोक्न नपरेको हो ।

भरतपुर आँखा आकस्मिक सेवा सञ्चालन गर्ने जनाएको छ। अस्पतालका सूचना अधिकारी रमेश घिमिरेका अनुसार आँखामा चोटपटक, धुलोलगायतबाट हुने चोटको आकस्मिक उपचार गर्नु परेमा अस्पतालले सेवा दिनेछ।

विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा आकस्मिक र अन्तरङ्ग सेवा सञ्चालनमा रहने छन् । सूचना अधिकारी जिएन महतोका अनुसार अन्य विभागले दसैँ बिदाअघि र पछि सेवा दिने गरी तालिका बनाएर उपचार व्यवस्था गरेका छन् ।

जिल्लामा बिदाको समयमा समेत उपचार हुने भएपछि छिमेकी जिल्लाबाट समेत उपचारका लागि आउने गर्दछन् । राजधानी बाहिर सबै खालका उपचारका लागि देशैभरबाट यहाँ बिरामी आउने गर्दछन् ।रासस

# शान्ति सन्देश सार्वजनिक

काठमाण्डु । मानवअधिकार तथा शान्ति समाजको २५औँ स्थापना दिवसका सन्दर्भमा शान्ति समाज काठमाडौँ शाखाले प्रकाशन गरेको शान्ति सन्देश स्मारिका विमोचन गरिएको छ।

अहिंसा दिवसका अवसर पारेर आयोजना गरिएको स्मारिका विमोचन कार्यक्रममा समाजका संस्थापक सभापति कृष्ण पहाडीले संसारभर आर्थिक मन्दी बढ्नुलाई खतराको सङ्केतका रूपमा लिनुपर्ने बताउनुभयो।




कार्यक्रममा संविधानसभा सदस्य रामेश्वर फुँयाल, प्रदेशसभा सदस्य छिरिङदोर्जे लामा, गोकर्णेश्वर नगरपालिकाका पूर्व नगरप्रमुख सन्तोष चालिसे, कागेश्वरी मनोहरा नगरपालिकाका पूर्व नगर उपप्रमुख बिन्दु पुडासैनी, शान्ति समाजका सल्लाहकार उत्तम पुडासैनी, शान्ति समाज काठमाडौँ शाखाका पूर्व सभापति कोमल लामिछाने, इष्टपोल माविका प्रधानाध्यापक राजेश राई, गोकर्णेश्वर नगरपालिका वडा नं ६ का अध्यक्ष नवराज लामा तथा शान्ति समाजका केन्द्रीय सदस्य किरण ढकाल, समाजका जिल्ला सभापति भगवान पुडासैनीलगायतले समाजले शान्ति एवं मानवअधिकारका क्षेत्रमा पुऱ्याएको योगदानबारे चर्चा गर्नुभएको थियो।

*शान्ति समाज काठमाडौँ शाखाले अन्तर्राष्ट्रिय ज्येष्ठ नारिक दिवसका अवसरमा शनिबार टौदहस्थित निजानन्द आश्रममा आश्रयरत वृद्धवृद्धाका लागि आवश्यक खाद्यान्नलगायत हर्लिक्स, फलफूलसमेत उपलब्ध गराएको छ।*

**ज्येष्ठ नागरिकलाई सहयोग**

यसैबीच शान्ति समाज काठमाडौँ शाखाले अन्तर्राष्ट्रिय ज्येष्ठ नारिक दिवसका अवसरमा शनिबार टौदहस्थित निजानन्द आश्रममा आश्रयरत वृद्धवृद्धाका लागि आवश्यक खाद्यान्नलगायत हर्लिक्स, फलफूलसमेत उपलब्ध गराएको छ । सो अवसरमा रु २७ हजार मूल्य बराबरको खाद्य सामग्री उपलब्ध गराइएको थियो। रासस

# 'मनिचेन्जर'कको नयाँ इजाजत बन्द

काठमाण्डु । नेपाल राष्ट्र बैंकले अर्को व्यवस्था नभएसम्मका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा बाहेकका अन्य स्थानमा 'मनिचेन्जर'को नयाँ इजाजत बन्द गरिएको छ।

नेपाल राष्ट्र बैंकले एकीकृत परिपत्र २०७८ लाई संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो। नेपाल राष्ट्र बैंकले एक सूचना जारी गरी अर्को व्यवस्था नभएसम्म अन्तर ष्ट्रिय विमानस्थलबाहेकका स्थानमा मनिचेन्जरको नयाँ इजाजत प्रदान गने सम्बन्धी कार्य बन्द गरिएको जनाएको छ।

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्र प्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र २०७८ मा संशोधन गरिएको हो ।रासस

# दुर्गा पक्षको सातौँ दिन देशभरका शक्तिपीठमा भक्तजनको लाम

काठमाण्डु । वडादसैँको सातौँ दिन अर्थात् दुर्गा पक्षका अवसरमा देशभरका देवी मन्दिरमा भक्तजनको बिहानैदेखि भीड लागेको छ।

वडादसैँका अवसरमा आजैदेखि एकादशीसम्म सार्वजनिक बिदा दिइएको छ । सरकारी कार्यालय, विद्यालयलगायत शैक्षिक संस्था सबै बन्द भएपछि आममानिस पर्व मनाउन व्यस्त भएका छन् । बिदा भएपछि बिहानैदेखि देशभरका शक्तिपीठमा भक्तजनको भीड लागेको हो । सामान्यत शनिबार पनि मन्दिरमा भीड लाग्ने गरेकामा आइतबार दसैँको फूलपाती भएकाले भक्तजनको लर्को लागेको हो ।

शक्तिपीठ र देवी मन्दिर वरिपरिका सडकमा सवारीको पनि चाप देखिन्छ । ती स्थानमा पार्किङ गरिएका सवारीको पनि लाम भेटिन्छ। अन्यत्र भने सडक खुला छ। अघिपछि सडक जाममा पर्ने यात्रु अहिले भने खुला वातावरणमा यात्रा गर्न पाउने भएका छन् । सवारी साधन कम भएपछि राजधानीको वातावरणमा पनि धुवाँ धुलोको मात्रा कम भएको छ।

राजधानीका गुह्येश्वरी, जयवागेश्वरी, मैतीदेवी, कालिकास्थान, नक्साल भगवती, भद्रकाली, शोभाभगवती, विजेश्वरी, कङ्केश्वरी, इन्द्रायणी, रक्तकाली, श्वेतकाली, दक्षिणकाली, चामुण्डामाई, सुन्दरीमाई, बज्रयोगिनी, बज्रबाराही, बगलामुखीलगायत मन्दिरमा भक्तजनको भीड छ।

यसैगरी उपत्यका बाहिरका देवी मन्दिरमा पनि भक्तजनको भीड बढ्न थालेको छ । पाथीभरा, छिन्नमस्ता, गहवामाई, पलाञ्चोक भगवती, नाला भगवती, चण्डेश्वरी, मनकामना, इच्छाकामना, विन्ध्यवासिनी, बाग्लुङ कालिका, शैलेश्वरी, उग्रतारा, बडीमालिकालगायत मन्दिरमा भक्तजनको भीड लागेको जनाइएको छ।

नवरात्रसमेत भनिने यस अवसरमा शक्तिपीठमा दर्शन गरेमा मनोकामना पूरा हुने धार्मिक विश्वास छ। विगतका दुई वर्ष कोरोना महामारीका कारण शक्तिपीठ बन्द गरी घर घरमै दुर्गा देवीको पूजाआराधना गर्न आह्वान गरिएको थियो । यस वर्ष भने कोरोनाको जोखिम कम भए पनि डेङ्गुको त्रास बढेको छ । यस वर्ष डेङ्गुबाट सुरक्षित भएर दसैँ मनाउन प्रशासनले आह्वान गरेको छ ।रासस

# दसैँ पर्व, हराउँदै मौलिक संस्कृति

रामपुर । पहिला गाउँका खुला चउर, भञ्ज्याङ, डहर, घरका आँगनमा पिङ राखेपछि दसैँ आएको सङ्केत जनाउदथ्यो। दसैँका लागि गाउँका बारीका कान्लामा बाबियो संरक्षण गरेर राखिन्थ्यो। पिङ राख्न बेंसीबाट बाबियो खोज्न आउनेको चहलपहलले गाउँमा दसैँको उमङ्ग बढाउने गरेको पाल्पा रामपुर नगरपालिका-७ स्थित विक्रम्दीका मनबहादुर आलेले बताउनुभयो। उहाँका गाउँका बारीका कान्लाभरी बाबियोले भरिन्थ्यो । "बारीका कान्लामा बाबियो पिङ बाट्न नकाटिकन संरक्षण गरेर राखिन्थ्यो, दसैँ आउन लाग्यो भनेपछि तल्लो गाउँका स्थानीयवासी (बैंसी) हाम्रा गाउँमा आएर बाबियो काटेर लैजादा बल्ल दसैँ आयो भन्ने आभास हुन्थ्यो", उहाँले भन्नुभयो, "हिजोआज त कमैले बाबियो खोज्नुहुन्छ, हाम्रै गाउँमा पनि पहिलाजसो पिङ पातलो राख्न थालियो" ।

उहाँका अनुसार विक्रम्दी, भञ्ज्याङबारी, कुसुण्डे, गोलैचे, सर्पराज, छत्तिवनडाँडा, गिजिनडाँडालगायतका विभिन्न गाउँमा काठबाट बनेको चर्खे पिङ राख्ने गरिएकोमा अहिले यो पिङ हराउँदै गएको छ। केही ठाउँमा लिङ्गे पिङ भने राखेको पाइन्छ । पहिलेको तुलनामा यो पिङ पनि कमै राख्ने गरिन्छ।

पिङ राख्न गाउँका सबै साथीभाई बिहानै उठेर बाबियो खोजेर पिङ राखेको स्मरण गर्नुहुन्छ, महेन्द्र तिवारी। गाउँमा अनिवार्यजसो दसैँ र तिहारमा लिङ्गे पिङ राख्ने गरिएकामा अहिले यो राख्न छाडिदै गएको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "घरदेखि टाढाका गाउँमा पुगेर बाबियो खोजेर ल्याइन्थ्यो, गाउँले सबै जम्मा भएर बाटेर पिङ तयार पारिन्थ्यो, अहिले पिङ बनाउन बाँबियो खोज्ने, बाट्ने झण्झट गर्न छाडियो ।"

दसैँ सुरु हुनुअघि गाउँका विभिन्न बारी, कान्लामा पुगेर बाबियो काटेर पिङ बनाउन भ्याइनभ्याइ हुने रामबहादुर रानाका दिन अहिले फुर्सदिलो बनेको छ । महिना दिनअघिदेखि नै गाउँघरमा आफैँले नेतृत्व गरेर पिङ हाल्ने रामबहादुर अहिले दसैँ चाडमा बाँबियो काट्ने, पिङ बाट्ने गर्न छाडेको धेरै वर्ष भएको बताउनुहुन्छ।

"पिङ खेल्न पहिलाजसो रहर मान्न सबैले छाडेपछि गाउँमा बाँबियो काटेर दुःखसँग तयार पार्न छाडियो, सबै आफ्नै दैनिकीमा व्यस्त बने, गाउँघरमा बजार वस्ती बढ्दै जाँदा पार्कहरु बनेका छन्, सानासाना बालबालिकालाई त्यही लगेर कृत्रिम पिङ खेलाउन थाल्ने क्रम बढ्यो", उहाँले भन्नुभयो । परम्परागत पिङ बनाउने र खेल्नेको उत्साह नहुँदा संस्कृति नै हराउँदै गएको हो। आधुनिक प्रविधिको प्रयोग र सुख सुविधाले पुराना संस्कृति नै हराउँदै जान थालेका छन् । हिजोआज परम्परादेखि नै पाल्पामा चलनचल्तीमा आएको चर्खे, लिङ्गे जस्ता पिङ लोप हुँदै गएको छ । यद्यपि, चर्खे पिङको चुलनामा लिङ्गे पिङ भने पूर्णरुपमा विस्थापित भइसकेको छैन। तर लिङ्गे पिङ पहिलेजसो बाक्लोमात्रामा भने भेटिँदैन।

चर्खे पिङ नखेलेसम्म दसैँ आएको अनुभूति नहुने गरेको अनुभव सुनाउनुहन्छ, बलबहादुर राना। चारदेखि आठ जनासम्म बस्न मिल्ने खालको काठैकाठले बनेको यस पिङ खेल्दा निकै आनन्द लाग्ने गरेको भए पनि अहिले कतै देख्न नपाउँदा संस्कृति नै हराउन पुगेकामा उहाँ चिन्ता गर्नुहुन्छ। चर्खे पिङ खर्चिलो र निर्माणका लागि धेरै जनशक्ति आवश्यकपर्ने हुँदा पनि अहिले यहाँबाट हट्दै गएको हो । एकपटकमा धेरै जनासम्म खेल्न सकिने हुँदा पिङ खेलेर मनोरञ्जन लिइन्थ्यो । कतिपय स्थानमा भने काठको अभावमा चर्खे पिङ राख्न छाडिएको स्थानीयवासीको भनाई छ। हिजोआज वनमा काठ दाउरा काट्न नपाइने नियम लगाएपछि काठको अभावले गर्दा राख्न छाडेको उनीहरुले बताए।



पूर्वी पाल्पाका अर्चले, मित्याल, सहलकोट, झिरुवास, बाकामलाङ, गल्धालगायतका स्थानमा टाढाटाढाबाट दसैँका बेला चर्खे पिङ खेल्न आउनेको घुइँचो रहने गर्थ्यो तर अहिले पिङ राख्ने चलन हट्दै जाँदा गाउँ नै सुनसान बनेको छ। दसैँका दिन एक पटक भएपनि जमिन छोड्नुपर्छ भन्ने मान्यताले पिङ खेलिने गरिन्छ। आजभोलि युवापुस्ताले पनि त्यति पिङप्रति चासो दिँदैनन् । सानासाना बच्चाका लागि बजारमा आएका प्लाष्ट्रिकको डोरी बाँधेर घर-घरमा पिङ राख्ने चलन भने बढ्न थालेको छ। गाउँघरमा चनचल्तीमा आएको चर्के पिङ, लिङ्गेपिङ र घुमाउने पिङ खेलेर मज्जा लिदै आफन्त, साथीभाइ भेटघाट हुने र शुभकामना आदानप्रदान गर्ने, खुसी साटासाट गर्ने गरिन्थ्यो। कामको व्यस्तता, बाह्य संस्कृतिको प्रभाव, पिङप्रतिको मोह कम हुँदै जाँदा अहिले गाउँघरबाट परम्परागत हाम्रा चाडपर्व झल्किने खालका संस्कृति लोप हुँदै गएका छन्।

**माटोले सिंगारिन छाडे घरका भित्ता**

दसैँ आउनु महिना दिन गावै घर लिपपोत गर्न रातो रसेतो माटोको बन्दोबस्तो गरेर घरघरमा राखिन्थ्यो । गाउँमा घर सिंगारेर चिटिक्क बनाउने छिमेकीबीच होडबाजी नै चल्थ्यो । खोलाका किनार, वनजङ्गलमा माटो खोजेर घर सजाउँदा गाउँ नै सुन्दर देखिन्थ्यो । तर हिजोआज भने खोला, वजनजङ्गलमा धाएर माटो खोजेर घर लिपपोत गर्ने चलन हराउँदै गयो।

घर लिपपोत गर्न प्रयोग गरिने सेतो, रातो, कालो माटोको तुलनामा बजारमा आएका विभिन्न रङ्गरोगनलगायतका वस्तुको प्रयोग बढ्न थालेको छ। बजारमा तयारी अवस्थामा पाइने विभिन्न वस्तुप्रति स्थानीयवासीको आकर्षण बढ्न थालेपछि ग्रामीण वस्तुको उपयोग कम हुन थालेको छ।

पछिल्ला वर्षमा गाउँघरमा पाइने वस्तुलाई उपभोग गर्न छाडेर महँगा मूल्यका वस्तु खरिद गरी घर सिंगारपटार गरेर घर सजाउने क्रम बढ्दो छ । हिजोका दिनमा माटोले पोतिएका घरका भित्तामा कमेरो र रातो माटोको ठाउँमा रङरोगन, चुना लगाउन थालेको राधिका पाण्डेयले बताउनुभयो। उहाँका अनुसार गाउँमा कमेरो माटो खोजेर घर लिपपोत गर्नै छाडियो । "वन तथा व्यक्तिको जग्गा जोडिएको ठाउँमा माटो निकाल्न पाइँदैनथ्यो । बिहान ३ वजे नै उठेर लाइट बालेर खोलाका किनारबाट माटो खोजेर ल्याइन्थ्यो, कहिलेकाँही रातिमा लुकेर ल्याइएको माटो वनका व्यक्ति तथा जग्गाधनीले खोसेर धेरै पटक रित्तै फर्किएर घर फर्कन्थ्यौँ", उहाँले विगतलाई सम्झँदै भन्नुभयो । घरका भित्ता सेतो, रातो र कालो माटोको सुन्दर सजावट हेर्दै सबैलाई आकर्षित बनाउँछ। रङरोगन सजावटको महत्व कमै मात्रामा लिइन्छ। यसरी कृत्रिम वस्तुको प्रयोग दिनप्रति दिन बढ्दै जादा हाम्रा पुराना मौलिक संस्कार, संस्कृति हराउन पुगेका छन् । यसले चाडपर्व खर्चिलो र भड्किलो पनि बन्दै गएको छ।

**दसैँमा चङ्गा उडाउने चलन हराउँदै**

दसैँमा चङ्गा उडाएर रमाइलो गर्ने पुरानो चलन पनि अहिले लोप भएको छ। चाडपर्व सुरु भएदेखि गाउँघरमा साथीभाइ, आफन्त रमाइलो गर्दै आकाशमा चङ्गा उडाउने चलन रहे पनि अहिले यो कतै देख्न पाइँदैन। खुला आकाशमा चङ्गा उड्दा गाउँमा निकै रमाइलो उत्साह छाउँथ्यो । मनोरञ्जन मात्रै नभई परिवारमा खुसी, साथीभाइबीचको सम्बन्ध प्रगाढ बनाउने गर्दछ । खुल्ला चउर, सडकमा बसेर पालैपालो आकाशमा चङ्गा उडाउँदा गाउँ नै रमाइलो देखिन्थ्यो। हिजोआज बढ्दो सूचना प्रविधिको विकासले आकाशमा प्रतिस्पर्धात्मक रुपमा चङ्गा उडाएर मनोरञ्जन लिने चलन कतै देखिदैन । यस्ता पुराना संस्कृतिहरु हिजोआज लोप हुन पुगेका छन्।

गाउँगाउँमा सबै कुराको सुविधा पुग्नु, ठूलाठूला घर भवन बन्दै जाँदा पुराना संस्कार संस्कृतिमा परिवर्तन आउन थालेको छ। पहिला गाउँमा चङ्गा उडाउने होडबाजीले कसका चङ्गा कति माथिसम्म पुग्यो भन्ने प्रतिस्पर्धामा उडाइने गरेपनि अहिले भने यस्तो संस्कृति गाउँबाट हटीसकेको युवा ओमप्रकाश रेग्मी बताउनुहुन्छ। खुला आकाशमा रङ्गमय चङ्गा उडाउँदा वातावरण नै सुन्दर बन्थ्यो। तर पूरानो संस्कृतिलाई अनुशरण गर्दै हिजोआज भने केही स्कुल विद्यालयमा तल्ला कक्षामा पढ्ने सानासाना बालबालिकालाई दसैँका बेला चङ्गा बनाएर देखाउने गरिएको छ। रामतुलसी मावि रामपुर पाल्पाका पूर्व बालविकास तहका बालबालिकालाई संस्कृति सिकाउन चङ्गा बनाउने र उडाउन सिकाउँदै टीका जमरा लगाएर यस वर्षको दसैँ पर्व विदा गरिएको प्रधानाध्यापक बालकृष्ण लम्सालले बताउनुभयो।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# मंगलमय शुभकामना

दसैंको प्रभाव र उल्लास यत्रतत्र छ । मनमा अभूतपूर्व उर्जा र उल्लासको सञ्चार छ । यसलाई शक्ति उपासनाको पर्व पनि मानिएको छ । आसुरी मनोविज्ञान, पीडा, विध्न बाधा, अस्थिरता, कुदृष्टि जस्ता समस्यालाई निरुत्साहित, परास्त गर्न दैवीय शक्तिको उपासनालाई महत्वपूर्ण ठानिएको छ । यस सन्दर्भमा देवताहरुको पीडा हरण गर्न भगवती दुर्गाको अवतरण भएको मान्यता छ । उनलाई देवताहरुको संगठित महाशक्तिको स्वरुप मानिन्छ । भगवती दुर्गाले महिषा, सुरचण्डमुण्ड, प्रचण्ड, शुम्भ-निशुम्भ, रक्तबीज आदि दुष्ट दैत्यहरुको वध गरी सम्पूर्ण लोकको कल्याण तथा भगवान् रामले रावणको वध गरेको सन्दर्भका आधारमा असत्यमाथि सत्यको विजयका रुपमा दसैं महत्वको पृष्ठभूमिले उर्जा र उल्लास प्रदान गर्नमा टेवा पुऱ्याइ रहेको देखिन्छ । सुख, शान्ति र समृद्धि यसको मूल भाव हो । भगवती दुर्गाको उपासनाले काम, क्रोध, मोह, लोभ, मद र मात्सर्य, द्वेष, कपट, छल जस्ता विकार हटने पनि सन्देश निहित छ । शौर्य, पुरुषार्थ र सिद्धिसमेत भगवतीको आराधनासँग सम्बन्धित छ । मन, मस्तिष्क र विचारलाई शुद्ध चेतनायुक्त बनाउने चाडको विशिष्टतासँग गाँसिएको छ । वेदिककाल, साधना, सिद्धि, सामर्थ्य, शक्ति र शोर्यको संगम छ । वर्षा ऋतु सिद्धिएर शरद् ऋतुको स्वागतका लागि नयाँ पालुवाहरु भित्र्याउँदा घरभित्रका रोग वृद्धिकारक जीवांश र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरु औषधीय प्रभाव घरमा बस्न नसक्ने सन्दर्भ पनि भगवतीको आराधनासँग सम्बद्ध छ । त्यसैले यस पर्वमा द्रोणचार्यका पुत्र अश्वत्थामाको जस्तो दीर्घायु, दशरथ जस्तो श्रीसम्पत्ति, भगवान रामको जस्तो शत्रुनाश गर्ने सामर्थ्य, दुर्योधन जस्तो मान, सूर्यपुत्र कर्ण जस्तो दानवीरता, बलराम जस्तो बल, युधिष्ठिर जस्तो सत्यवादिता, विदुरको जस्तो ज्ञान, भगवान नारायणको जस्तो कीर्ति प्राप्तको कामनासहित मान्यजनबाट आशीर्वचन आध्यात्मिक र सांस्कृतिक वैशिष्ट्यलाई उजागर गर्दछ । देवीभागवतका अनुसार त्रिशक्ति अर्थात् महासरस्वती, महालक्ष्मी र महाकाली नै संसारकी पराशक्ति हुन् । देवी लक्ष्मीका विस्तुत रुप दुर्गा, पार्वती, सती वैष्णवी तथा अन्य छन् । लक्ष्मीले मिथिला क्षेत्रमा सीताका रुपमा जन्म लिएका कारण शाक्त परम्पराअनुसार सीतालाई देवी शक्ति पनि मानिन्छ । जनकसुता सीतालाई नै शक्तिस्वरुपमा मानी दसैंमा विशेष उपासना गरिन्छ । देवीको सोही रुप गोसाउनी पूजामा पाइन्छ । अतः जन-जनमा व्याप्त अविश्वास, दम्भ, देष, कलह, अस्थिरता, छल, अशान्ति, कष्ट, रुग्नता, अस्वथ्यता, दुष्कर भावनाको अन्त्य भइ आरोग्य, दीर्घायु, सुख, शान्ति, समृद्धि होस् । कामना र मंगलमय शुभकामना छ ।

# दुर्गा पूजाको आठौं दिन महागौरीको पूजा

*श्वेते वृषे समारूढ़ा श्वेताम्बरधरा शुचिः ।*
*महागौरी शुभं दद्यान्महादेवप्रमोदया ॥*

नवरात्रि अर्थात वडा दशैंमा दुर्गा पूजा को अवसरमा बहुत विधि-विधान पूर्वक माता दुर्गा को नौ स्वरुपको पूजा-उपासना गरिन्छ ।त्यस मध्ये आठौ दिन देवी महागौरीको पूजा हुन्छ ।कालरात्री पुजापछि माता महागौरीको पुजा गरिन्छ ।कालरात्रीमा माता दुर्गाको अत्यन्त विकराल स्वरुपको पुजा हुन्छ ।विभिन्न स्थान अनुसार कालरात्रीको पुजा विधि फरक फरक किसिमको हुन्छ ।कालरात्रीको पूजामा कतिपय स्थानमा जीवको बलि प्रदान गरिन्छ ।

आठौ दिन शान्त स्वरुपमा देखिने माता गौरीको पूजा गरिन्छ ।ममतामयी गौरीको पूजाबाट साधकहरु अलौकिक सिद्धि प्राप्त गर्छन् ।माता गौर अमोघ फलदायनी हुन् ।

भक्तको सबै प्रकारको क्लेष पखालिन्छ ।पूर्वको संचित पापपनि नष्ट हुन्छ ।उहाँको पूजा अर्चना, उपासना-अराधना अत्यन्त कल्याणकारी छ ।उहाँको कृपाले आलौकि सिद्धिको प्राप्ति हुन्छ । वडा दशैंको आठौ दिन महागौरी शक्तिको पूजा गरिन्छ ।नामले नै प्रष्ट हुन्छ की उहाँ पूर्णत ःगौर वर्णको हुनुहुन्छ ।

उहाँको उपमा शंक, चन्द्र र कुंदको फूलले दिएको छ ।अष्टवर्षा भवेद् गौरी अर्थात उहाँको आयु आठ वर्षको मानिएको छ ।उहाँले धारण गर्नु भएको वस्त्र र सबै आभूषणहरुपनि स्वेत रंगको छ ।त्यसकारण उहाँलाई श्वेताम्बरधारा भनिएको छ ।उहाँको ४ वटा हात र वाहन वृषभ रहेको छ ।उहाँको वाहन वृषभ रहेकाले उहाँलाई बृषारुढापनि भनिएको छ ।



उहाँको माथिल्लो दाहिने हात अभय मुद्रामा र तलको हात त्रिशुल धारण गरेको छ ।माथिल्लो बायाँ हातमा डमरु र तलको हातमा वर मुद्रा रहेको छ ।

माता गौरीको स्वरुप अत्यन्त शान्त छ। भगवान शिवलाई पतिको रुपमा प्राप्त गर्न माता महागौरीले कठोर तपस्या गर्नु भो ।लामो समय कठिन तपस्याको कारण उहाँको रंग कालो भई हाल्यो ।माता महागौरीलाई भगवान शिवको प्राप्तिका लागि हजारौ वर्ष तप गर्नु पऱ्यो ।अन्ततःमाता महागौरीको तप सफल भयो ।भगवान भोलेनाथ प्रसन्न भै तपस्याबाट कालो र कमजोर भईसकेको महागौरीको शरिरलाई पवित्र गंगाजलले पखालेर कान्तिमय बनाई दिनु भयो ।उहाँको शरिर गौर वर्णको भयो ।त्यसकारण उहाँ महागौरीको नामले सुविख्यात हुनु भयो ।

माता महागौरीले कठोर तपस्या गरी भगवान शिवलाई वरको रुपमा पाउनु भयो ।उहाँको कठिन तपस्याले भगवान शंकर प्रसन्न हुनु भयो ।माताको त्यो गोरो स्वरुपको वडा दशैंमा आठौ दिन पूजा गरिन्छ ।उहाँ जगत कल्याणी र साधकको साधनबाट प्रसन्न भै मनोवाञ्छित फल प्रदान गर्ने जगत माता हुनुहुन्छ । माता महागौरीको नामको विषयमा कयौं कथाहरु छन् ।देवी पार्वतीको रूपमा महागौरीले भगवान शिवलाई पतिको रुपमा प्राप्त गर्न कठोर तपस्या गर्नु भयो ।

भगवान भोलेनाथको कुनै वचनबाट माता पार्वतीको मनमा ठूलो चोट लाग्यो ।उहाँ सो वचनले आहत हुनु भयो ।त्यसपछि उहाँ कठोर तपस्यामा लीन हुनुभयो ।

एवं प्रकार वर्षौ सम्म कठोर तपस्यामा लीन भएपछि माता पार्वती कैलाशमा जानु भएन् ।माता पार्वती कैलाशमा नदेखिएपछि भगवान भोलेनाथ उहाँको खोज गर्न निस्कनु भयो ।

भगवान भोलेनाथ माता पार्वती तपस्यामा रहेको स्थानमा पुगेपछि उहाँ ठूलो आश्चर्यमा पर्नु भयो ।माता पार्वतीको रंग अत्यन्त ओजपूर्ण थियो ।उहाँको अनुहार चाँदको जस्तो श्वेत रंगको चम्किलो र कुंद फूल जस्तो सुन्दर थियो ।उहाँको श्वेत रंगको वस्त्र र आभूषणबाट प्रसन्न भै भगवान शिव गौर वर्णको वरदान दिनुभयो ।त्यस बेलादेखि नै उहाँ महागौरीको नामले विख्यात हुनुभयो ।

# मनमौजी नखाऔं, स्वास्थ्यको ख्याल राखौं

दसैं नजिकिएको छ । लगत्तै अरु चाडपर्व पनि आउँछन्। यी चाडपर्व मूलतः खानपिन, आराम र मनोरञ्जनसँग सम्बन्धित छन्। मासु र मदिराजन्य पदार्थ मनमौजी खाने र कसरत नपर्ने खेल तथा भर्चुअल मनोरञ्चनमा व्यस्त हुने शैली धेरैले अपनाएको पाइन्छ। पछिल्लो समय त यस्तो शैली चाडपर्वको पर्याय नै हुँदै आएको छ। जुन तत्काल र दीर्घकालका लागि समेत जोखिमपूर्ण छ। त्यसैले चाडपर्व मनाउने हाम्रो पछिल्लो शैलीमाथि पुनर्विचार आवश्यक छ।

कतिपय विकसित देशमा जस्तो नियमित स्वास्थ्य जाँच गर्ने प्रचलन हामीकहाँ छैन। जाँच नै नगरेपछि आफ्नो स्वास्थ्य अवस्था कस्तो छ, रिपोर्टहरुले के संकेत गरका छन्, सम्भावित स्वास्थ्य समस्या के-कस्ता हुन सक्छन्, खाने, कम खाने र नखाने खानाहरुका बारेमा पनि हामी अनभिज्ञ हुने नै भयौं। जसका कारण खानै नहुने वा कम खानुपर्ने खानाहरु हामीले मनमौजी ढंगले खाइदियौं भने कुनै रोग लाग्ने सम्भावना नजिकिन्छ। मानौं, हामीमध्ये कसैको शरीरमा मधुमेह लाग्ने सम्भावना नजिकएको छ तर जाँच नगरेका कारण थाहा भएन। तर खानपिनमा मतलब गरेनौं भने मधुमेह लाग्ने सम्भावना झन् नजिकिन्छ। मुटु रोग तथा युरिक एसिड जस्ता समस्याको हकमा पनि त्यही हो।

यी विषय किन चर्चा गर्नुपर्ने भएको छ भने, हाम्रा तथ्यांकहरुले दसैं-तिहार जस्ता चाडपर्वपछि कैयौं व्यक्तिहरु नसर्ने रोगको समस्या लिएर अस्पताल पुग्ने गर्छन्। चिकित्सकहरुका अनुसार, आफ्नो स्वास्थ्य अवस्थाको बारेमा जानकारी नराखी जथाभावी रुपमा खानपिन गर्नाले यस्तो हुने गरेको छ। त्यसैले आफ्नो स्वास्थ्य परीक्षण गर्ने, सूचकहरुको बारेमा जानकारी राख्ने र चिकित्सकहरुको सल्लाह अनुसार खानपिन शैली अपनाउने गर्नु बुद्धिमत्तापूर्ण हुन्छ।

> ***दसैं-तिहार जस्ता चाडपर्वपछि कैयौं व्यक्तिहरु नसर्ने रोगको समस्या लिएर अस्पताल पुग्ने गर्छन् । चिकित्सकहरुका अनुसार, आफ्नो स्वास्थ्य अवस्थाको बारेमा जानकारी नराखी जथाभावी रुपमा खानपिन गर्नाले यस्तो हुने गरेको छ । त्यसैले आफ्नो स्वास्थ्य परीक्षण गर्ने, सूचकहरुको बारेमा जानकारी राख्ने र चिकित्सकहरुको सल्लाह अनुसार खानपिन शैली अपनाउने गर्नु बुद्धिमत्तापूर्ण हुन्छ। चिकित्कहरुका अनुसार, हामीलाई कैयौं स्वास्थ्य समस्या देखिने ४० वर्ष कटेपछि हो । यद्यपि, स्वास्थ्य समस्याका लागि कुनै निश्चित उमेर भने हुँदैन।***

चिकित्कहरुका अनुसार, हामीलाई कैयौं स्वास्थ्य समस्या देखिने ४० वर्ष कटेपछि हो। यद्यपि, स्वास्थ्य समस्याका लागि कुनै निश्चित उमेर भने हुँदैन। तैपनि, ४० कटेपछि भने अतिरिक्त चनाखो हुनुपर्ने जरुरत रहन्छ। यसो भन्नुको मतलब आफ्नो स्वास्थ्य अवस्था र विभिन्न परीक्षणबाट आएका नतिजाका बारेमा जानकार बन्ने र सोही अनुसार जीवनशैली अपनाउने हो।

खानपिनमा मात्रै होइन । शारीरिक व्यायाममा पनि जोड दिनु वाञ्छनीय हुन्छ। पानी प्रशस्त पिउने गर्नुपर्छ। आजकाल पानीको सट्टामा अनेक पेयपदार्थ पिउने प्रचलन पनि छ। यसो गर्दा प्रतिष्ठा बढेको भ्रम राख्नेहरु पनि छन्। तर त्यो स्वास्थ्यका लागि फाइदाजनक छैन। स्वास्थ्य बिगारेर प्रतिष्ठाको भ्रममा जिउनुको के अर्थ ?

अर्को विषय, अहिले दुई वटा स्वास्थ्य समस्या बढिरहेका छन । कोरोना र डेंगु। हाम्रा सामान्य असावधानीका कारण यसबाट हामी संक्रमित हुनु परेको छ। मानिसबाट मानिसमै सर्ने कोरोना होस् वा लामखुट्टेले सार्ने डेंगु, दुवैबाट अनावश्यक हैरानी बेहोर्नुपरेको छ। त्यसैले यात्रा गर्दा र नयाँ ठाउँमा पुग्दा यसको जोखिम अरुबाट आफूमा र आफूबाट अरुमा पनि बढ्ने हुन सक्छ। किनकी, मानिसहरुको आवातजावत बढ्नासाथ संक्रमण गराउने भाइरसको प्रसारमा पनि सहयोग पुग्छ । जसले युवादेखि बालबालिका र बुढाबुढी सबैलाई जोखिममा पुऱ्याउँछ। जोखिम कम गर्नका लागि चनाखो हुन जरुरी छ ।

दसैं-तिहारका लागि ठूलो संख्यामा मानिसहरु मुख्य सहरबाट गाउँ-ठाउँ पुग्ने गर्छन्। अझ भन्नुपर्दा, काठमाडौं जस्तो ठूलो सहरबाट दुर्गम गाउँसम्मको यात्रा हुने गर्छ। यतिबेला कैयौं गाडी पहिलो पटक ती यात्राका सारथि बन्छन्। यात्रुको चाप, जोखिमपूर्ण बाटो र नयाँ चालक एकसाथ हुँदा दुर्घटनाको सम्भावना पनि बढ्छ। साथै, सडकमै गाडीको चाप अत्यधिक हुने समयमा मोटरसाइकलमा गरिने यात्रा र असावधानीले पनि दुर्घटना बढाएको पाइन्छ। अन्य धेरै कारण छन्, तर दुर्घटनाबाट जोगिनु र दीर्घकालसम्म स्वास्थ्य समस्या आउन नदिनु सबैको हितमा हुन्छ।

चाडपर्व कहिलेकाहीं आउने उत्सव हुन्। रमाउने र पारिवारिक खुसी आदान-प्रदान हुने भएकैले यसको चर्चा हुने गर्छ। उत्सवमय माहोल सिर्जना हुने गर्छ। तर आफ्नो र परिवारको स्वास्थ्यको बारेमा सचेत रहेर मनाउन सकियो भने चाडपर्डकै क्रममा वा त्यसपछि अनावश्यक तनाव बेहोर्नु नपर्ने हुनसक्छ। हामीले बुझ्नुपर्ने कुरा के हो भने, चाडपर्व केही दिनको हो, जीवन धेरै लामो छ।

# नवदुर्गा देवगण सिद्ध गर्ने भक्तपुरको दसैं

**लक्ष्मी गारु**

आश्विन शुल्क प्रतिपदादेखि पूर्णिमाको दिनसम्म नवदुर्गा भवानीको आह्वान गरी मनाइने चाड हो बडादसैं । यसपर्वलाई नेवार समुदायले मोहनी नखाः भन्छन् भने यो चाडलाई ठाउँ विशेषअनुसार दसैं, दुर्गापूजा, विजयादशमी र नवरात्रि पनि भन्ने गर्दछन् ।

महिषासुरलाई नवदुर्गा भवानीले सौन्दर्यको मोहनी लगाई आफ्नो वशमा पारी बध गरेका कारण नेवार समुदायमा दसैंलाई मोहनी नखाः भन्ने गरिएको संस्कृतिकर्मी ओम धौभडेल बताउनुहुन्छ । भक्तपुरमा बडादसैं विशेष महत्वका साथ मनाउने गर्दछन् । भक्तपुरको जीवित परम्परामध्ये नवदुर्गा नाच पनि एक हो । विजयादशमीको दिन नवदुर्गा देवगण सिद्ध हुने भएकाले पनि बडादसैंलाई भक्तपुरवासीले विशेष महत्वका साथ मनाउने गरिएको उहाँको भनाइ छ ।

प्रत्येक वर्ष घण्टाकर्ण पर्वका दिनदेखि नवदुर्गाको मुखुण्डो बनाउने कार्य सुरु हुन्छ र महानवमीको राति मांसाहुति यज्ञ गरी महिषासुर राक्षसको प्रतीक खम्येको बलि दिएर ब्रम्हायणी मन्दिरमा नवदुर्गा देवगणले सिद्धि प्राप्त गर्दछन् । घटस्थापनाको दिनदेखि दसैंको नवरात्रि सुरु हुन्छ । नवरात्रिमा भक्तपुरका स्थानीय बासिन्दा विभिन्न शक्तिपीठको दर्शनका लागि जाने गर्दछन् । नवरात्रिमा भक्तपुरको ब्रम्हायणी, महेश्वरी, कुमारी, भद्रकाली, बाराही, इन्द्रायणी, महाकाली, महालक्ष्मी, त्रिपुरासुन्दरी, एकान्त कुमारी देवगृह र तलेजुमा विशेष मेला लाग्दछ ।

बडादसैं १५ दिनसम्म मनाइने चाड भए पनि विषेशगरी सप्तमीदेखि दशमीसम्म बडो हर्षोल्लासका साथ मनाइने परम्परा छ । नेवार समुदायले सप्तमीको दिन घर-घरमा फूलपाती र राँगोको मासु भित्र्याउने स्याकोट् मनाइन्छ । यो दिन तलेजुलाई आफ्नो देवगृहबाट कुमारी चोक (दसैंघर)मा स्थानान्तरण गरिन्छ । यसलाई द्यः क्वहा विज्याइगु (देवता तल आएको) भनिन्छ ।

महाअष्टमीको दिनमा नेवारहरूले दसैंका लागि गुठीबाट ल्याएको मासुलाई पूजा गरेर भित्र्याउने परम्परा छ । यो दिन बिहानै नुहाइधुवाइ गरी देवीलाई पूजा गरी सम्येखाइ बेलुका कुछि भ्वय (दुई मानाको भोज) खाने गर्दछन् । विशेषगरी केराको पातमा राखेर खाने यो भोजमा दुई माना चिउरा, छोयला, अण्डा, माछा, अम्बा, केरा, बारालगायत १२ थरि पकवान आवश्यक पर्दछ । यो दिनमा १८ भुजा भएको भगवतीलाई आह्वान गर्न डमरु, घण्टा, शङ्ख बजाई पूजा गर्छन् । राति व्यासीबाट निकुथु (राँगा) जात्रा गरी तलेजु भित्र्याउँछन् ।

अष्टमी र नवमीबीचको रातलाई कालरात्रि भनिन्छ । यो रातमा तलेजुमाा राजोपाध्य, जोशी र कर्माचायद्वारा विधिवत्रूपमा पूजा गरी निकुथुसहित २५ राँगालाई बलि दिइन्छ । पूजामा तलेजुलाई ८४ प्रकारका रोटीको मन्दिर बनाइ चढाउने गरिन्छ । सो मन्दिरमा मुठल, छाना र गजुरसमेत राखिएको हुन्छ । सोही रोटी विजयादशमीको दिनमा तलेजुको प्रसादका रूपमा बाँड्ने गरिन्छ ।

महानवमीको दिनलाई दसैंको महत्वपूर्ण दिनका रूपमा लिइन्छ । यस दिन तलेजुलगायत हरेकको घर-घरमा भगवतीलाई भोगबलि दिइन्छ । हरेकले आफ्ना काम गर्ने औजार, हातहतियार सबै पूजा गर्दछन् । नेवार समुदायले विशेष प्रकारको दियो बालेर सो दियो माथि माटोको सलिचा घोप्टो पारेर राखेर मोहनी बनाउने गर्दछन् । यसै दिन नेवार समुदायमा घरमा सुख शान्ति र श्री प्राप्तिका लागि बेलविवाह नगरेका बालिकालाई जीवित देवी कुमारी मानी सिङ्गारपटार गरेर नयाँ लुगा, चुरा, पञ्चामित्र दिएर पूजा गरिन्छ ।

महानवमीको दिन बालिकालाई कुमारी मानेर पूजा गर्ने लोककथा भक्तपुरका राजा जगज्योति मल्लसँग जोडिएको छ । राजा जगज्योतिसँग तलेजु भवानी स्त्रीको रूपमा सधैंपासा खेल्न आउने गर्दथिन् । एक दिन राजाले तलेजुप्रति कुदृष्टी लगाएपछि तलेजु रिसाएर पासा खेल्न आउन छाडिदिइन् । यसबाट राजा साह्रै दुःखी भएको देखेर तलेजु भवानी सपनामा आई ममाथि भक्ति छ, मसँग कुरा गर्ने हो भने नवमीको दिन शाक्य वा बज्राचार्यकी छोरी ल्याइ मेरो आह्वान गरी पूजा गर्नु भनी राजालाई आदेश दिइन् । सोहीअनुसार आज पनि भक्तपुरमा महानवमीको दिन शाक्य र बज्राचार्यको छोरीलाई कुमारी पुज्ने प्रचलन छ । यो पूजा गर्ने ठाउँ कुमारीचोक नामले प्रचलित छ ।



महानवमीको साँझ नवदुर्गा देवगणको सिद्धी प्राप्तिका लागि बलि दिन भक्तपुर नगरपालिका-३ गछेंस्थित नवदुर्गा देवीको द्यछें (देवघर)भित्र राखेर पालनपोषण गरिएको खम्ये दौडाएर ब्रम्हायणी शक्तिपीठ पुऱ्याउने प्रचलन रहेको छ । यो प्रचलनलाई भक्तपुरमा खम्ये जात्रा भनिन्छ । बडादसैंको धार्मिक आख्यान महिषासुर राक्षसको वधसँग गाँसिएको छ । भक्तपुरमा खम्येलाई सोही महिषासुर राक्षससँग तुलना गरिन्छ । भक्तपुरमा राक्षसी स्वरुप खम्येको हार र देवी शक्तिको जीतका रूपमा खम्ये जात्रालाई लिने गरिन्छ । यो जात्रा नवदुर्गा देवी मिलेर महिषासुरलाई वध गरेको खुसीयालीमा मनाउने एक मात्र पृथक जात्रा हो । नवमीकै दिन राति लालाछेंमा नवदुर्गाको मुखुण्डो प्रदर्शन गरी देवगण आएर मुखुण्डो ब्रम्हायणी शक्तिपीठ लिएर जान्छन् । दशमीको दिन भवानीलाई विधिवतरूपमा अन्तिम पूजा गरिन्छ । यो दिन देवी दुर्गाभवानीले महिषासुर राक्षसको वध गरेको विश्वासमा विजय मनाउने भएकाले यस दिनलाई विजयादशमी पनि भन्ने गरेको संस्कृतिविद्हरू बताउँछन् । यो दिन भक्तपुरको ब्रम्हायणीमा ठूलो मेला लाग्दछ । यस दिन घटस्थापनाको दिन राखेको जमरा र महानवमीको दिन विशेष प्रकारले बनाएको मोहनी टीका देवीको प्रसादका रूपमा शिरमा लगाइन्छ । तलेजुसमेत विधिवतरूपमा अन्तिम पूजा गरी कुमारी घरमा रहेको तलेजुलाई पुनः देवगृहमा विराजमान गराइन्छ ।

राति ब्रम्हायणीबाट नवदुर्गा फर्केपछि खड्गजात्रा निकालिन्छ । देवीले दैत्यहरूलाई वध गरेको सम्झनामा यो जात्रा सञ्चालन गरिएको संस्कृतिकर्मीहरू बताउँछन् । खड्गजात्रालाई पायो जात्राका रूपमा पनि लिइन्छ । यो जात्रामा तलेजु भवानीलाई नवदुर्गा गणसहितले विधिवतरूपमा पूजा गर्दछन् । यो जात्रामा तलेजुको वाहन सेतो घोडा दौडाउनुका साथै फलामे पोशाक लगाएका मानिससमेत जात्रामा सामेल हुन्छन् ।

किंवदन्तीअनुसार सत्ययुगमा दैत्यहरूले ब्रह्माको तपस्या गरे । ब्रह्माले खुसी भई दैत्यहरूलाई वरदान माग्ने आज्ञा दिए । दैत्यले कसैले मार्न नसक्ने वरदान माग्दा ब्रह्माले स्वास्नी मान्छेबाहेक कसैले मार्न नसक्ने वरदान दिए । वरदान प्राप्त गरेपछि दैत्यहरू स्वर्गमा गई देवताहरूलाई दुःख दिन थाले । यो देखेर महादेव, इन्द्र र विष्णु मिलेर शक्ति स्वरुपा देवीको उत्पत्ति गराए । दैत्यहरूसँग युद्ध गराए अन्तमा मुख्य-मुख्य दैत्यहरू सबै मारिए । बाँकी भएका दैत्यहरू कोही हाँस भए, कोही कुखुरा भए, कोही बोका, कोही राँगा भए । देवीले त्यसरी दोपाया र चौपायामा प्रवेश गरेका दैत्यहरूलाई खोजी-खोजी मार्न थाले । यसैको सम्झनामा खड्गजात्रा सुरु भएको लोककथन रहेको पाइन्छ ।



**दरबार स्क्वायरमा घुम्दै विदेशी पर्यटकहरु**: दशैंको फूतपातीको दिन आइतबार पर्यटकीय स्थल भक्तपुर दरबार स्क्वायरमा घुम्दै विदेशी पर्यटकहरु। *तस्बिरः रासस*

# राष्ट्रियसभाका अध्यक्षको दसैँको शुभकामना सन्देश

काठमाण्डु । राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले वडादसैँ २०७९ को शुभ अवसरमा सबैमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्नुभएको छ।

अध्यक्ष तिमिल्सिनाले आज जारी गर्नुभएको शुभकामना सन्देशमा नेपालीको महान पर्व वडादसैँ २०७९ को शुभ अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुबा, दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगति कामना गर्नुभएको छ।

"वडादसैँ २०७९ ले हामी सबैमा नयाँ जोश, जाँगर र उत्साह, उमङ्गसहित सामाजिक-सांस्कृतिक एकता कायम राख्न प्रेरणा प्रदान गरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न ऊर्जा मिल्नेछ", सन्देशमा भनिएको छ, "साथै, समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियान सफल बनाउन र आपसी प्रेम, करुणा र अहिंसाको भावना बढ्नेछ भन्ने विश्वास राख्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।"



हाम्रो मुलुक बहुसांस्कृतिक विविधताले भरिपूर्ण छ । संविधानले नेपाललाई धर्मनिरपेक्ष राज्यका रुपमा उल्लेख गरेको छ। जसले गर्दा सामाजिक-सांस्कृतिक चाडपर्व, मूल्यमान्यता तथा प्रचलन, रीतिरिवाज, परम्परा, संस्कार, संस्कृति राज्यको अभिन्न अङ्गका रुपमा रहेको सन्देशमा छ।

सन्देशमा भनिएको छ, "विभिन्न क्षेत्र तथा समुदायमा रहेको सांस्कृतिक विविधताको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न सकियो भने हाम्रा संस्कृति राज्यका अमूल्य सम्पत्तिका रूपमा रहनेछन्। यसले प्रत्येक व्यक्ति तथा समुदायको पहिचान सुनिश्चित गरी राज्यप्रति आम नागरिकको अपनत्व विकास गर्न सहयोग मिल्नेछ, जसको फलस्वरुप सङ्घीयता मजबुत बनाउनसमेत महत्वपूर्ण योगदान पुग्दछ।"

आश्विन शुक्ल प्रतिपदाका दिनदेखि नवमीसम्म दुर्गा भवानीको पूजाआराधना गरी दशौं दिन टीकाजमरा ग्रहण गरी पूर्णिमाका दिनसम्म मान्यजनको हातबाट आशीर्वाद लिइ मनाइने हिन्दू धर्मावलम्बीको महान चाड दसैँलाई पारिवारिक जमघटको विशेष अवसरका रुपमा लिइने गरिन्छ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता कायम गर्न साथै सामाजिक-सांस्कृतिक परम्परा, ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्न दसैँको विशेष महत्व रहेको छ।रासस

# प्रतिनिधिसभाको कुन क्षेत्रका उम्मेदवारले कति खर्च गर्न पाउने ?

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ बमोजिम प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनका लागि आइतबार राजनीतिक दल वा उम्मेदवारले निर्वाचनमा गर्न पाउने खर्चको अधिकतम हद तोकेको छ। आयोगले निर्वाचन क्षेत्रको मतदाता संख्या, मतदान केन्द्रको संख्या र क्षेत्रफललाई आधार मानी सूत्रमा आधारित भई निर्वाचनका लागि खर्चको अधिकतम हद तोकेको प्रवक्ता शालिग्राम पौडेलले जानकारी दिए।



निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभाको निर्वाचनको हकमा ५ वटा निर्वाचन क्षेत्रहरूमा निर्वाचन खर्चको हद २५ लाख रुपैयाँ तोकिएको छ। १७ वटा निर्वाचन क्षेत्रहरूमा निर्वाचन खर्चको हद २७ लाख रुपैयाँ कायम गरिएको छ भने ६५ वटा निर्वाचन क्षेत्रका उम्मेदवार वा दलले चुनावी खर्चस्वरुप २९ लाख रुपैयाँसम्म खर्च गर्न पाउनेछन्।

५२ वटा निर्वाचन क्षेत्रहरूमा निर्वाचन खर्चको हद ३१ लाख रुपैयाँ कायम गरिएको छ भने २६ वटा निर्वाचन क्षेत्रहरूमा निर्वाचन खर्चको हद ३३ लाख रुपैयाँ कायम गरिएको छ।

सबैभन्दा बढी खर्चको सीमा ३३ लाख रुपैयाँ कायम गरिएको छ भने सबैभन्दा कम २५ लाख। यसअघि सबै क्षेत्रका उम्मेदवार वा दलहरूले २५ लाख रुपैयाँसम्म खर्च गर्न पाउने व्यवस्था थियो।

समानुपातिकतर्फका उम्मेदवारले गर्ने खर्चको सीमा छुट्टै तोकिएको छ। समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा राजनीतिक दलले गर्ने निर्वाचन खर्चको हद प्रत्येक राजनीतिक दलले पेस गरेको बन्दसूचीमा सूचीकृत उम्मेदवारको संख्या अनुसार प्रति उम्मेदवार २ लाख रुपैयाँको सीमा तोकिएको छ।

त्यस्तो निर्वाचन खर्च रकम प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी हुने राजनीतिक दल वा उम्मेदवारले मतदाता नामावली खरिद, सवारी साधन, प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी अन्तरक्रिया, अन्य प्रचारप्रसार, छापा एवं विद्युतीय माध्यम (सामाजिक सञ्जालसमेत), कार्यालय सञ्चालन र प्रतिनिधि परिचालन लगायतका विषय क्षेत्रमा खर्च गर्न पाउने आयोगले जनाएको छ।

# सांस्कृतिक पर्वले एकता पैदा गर्ने अध्यक्ष दाहालको विश्वास

काठमाण्डु। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भाषा, संस्कृति र सभ्यताको संरक्षण गर्दै तिनको समृद्धिमा लाग्नु सबैको दायित्व भएको बताउनुभएको छ। दसैँ, तिहार, छठ, नेपाल संवत्, ल्होसारलगायत चाडपर्वका अवसरमा शुभकामना दिँदै उहाँले हाम्रा सांस्कृतिक पर्वले नेपाली समाजमा आपसी सहिष्णुता र भावनात्मक एकता पैदा गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

सांस्कृतिक पर्वको शृङ्खलाभित्र अब हामी प्रादेशिक र सङ्घीय निर्वाचनको सङ्घारमा रहेको जनाउँदै अध्यक्ष दाहालले आगामी मङ्सिर ४ गते हुन गइरहेको निर्वाचनमा प्रतिगमन विरोधी शक्तिलाई मत दिई संविधान, गणतन्त्र, सङ्घीयताको रक्षा र सुदृढीकरणका लागि विजय गराउन अपिल गर्नुभएको छ।



सन्देशमा उहाँले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्नुभएको छ।रासस

# विवेकशील साझाका ३५ जना सदस्यले दिए सामूहिक राजीनामा

विवेकशील साझा पार्टी

**टुडे समाचारदाता**

काठमाण्डु । विवेकशील साझा पार्टीका ३५ जना सदस्यले सामूहिक राजीनामा दिएका छन्।

दुई वटा विज्ञप्ति जारी गर्दै ३५ जना सदस्यले सामूहिक राजीनामा दिएका हुन्।

लुम्बिनी प्रदेशका प्रदेश संयोजकसहित ३१ सदस्य र गण्डकी प्रदेशका प्रदेश संयोजकसहित ४ सदस्यले राजीनामा बुझाएका हुन्।

पार्टीका पूर्व अध्यक्ष समेत रहेका रवीन्द्र मिश्रले राजीनामा दिएपछि र केन्द्रीय समितिको दुई तिहाइले पारित गरेको 'विचारभन्दा माथि देश' दस्तावेज खारेज गरेकोमा असन्तुष्टि जनाउँदै राजीनामा दिएका हुन्।

पार्टीका सार्वभौम सदस्यहरूसँग सहकार्य नै नगरी काठमाण्डुमा रहेका सिमित व्यक्तिहरूले एकलौटी रूपमा खारेज गरेको तथा रवीन्द्र मिश्र बिनाको वैकल्पिक राजनीति सफल नहुने यथार्थ कुरामा सिंगो लुम्बिनी प्रदेशका सम्पूर्ण सदस्यहरूको ठहर छ,' ३१ सदस्यले बुझाएको राजीनामा पत्रमा उल्लेख छ।

लुम्बिनीका प्रदेश संयोजक अनुपमान सैजु, संगठन विभाग प्रमुख मधुसुदन केसी, प्रदेश तथा केन्द्रीय सदस्य हरिकृष्ण अधिकारी, महिला विभाग प्रमुख सरस्वती पन्थी भुषाललगायतले राजीनामा दिएका छन्।

यस्तै गण्डकीका प्रदेश संयोजक शुसिला केसी अधिकारी, केन्द्रीय सदस्यहरू अमृत पुडासैनी, अर्जुन खनाल र हरिप्रसाद गौतमले राजीनामा दिएका हुन्।

# चाडपर्व राष्ट्रिय एकताका लागि महत्वपूर्ण : सभामुख

काठमाण्डु । सभामुख अग्निप्रसाद सापकोटाले नेपालका चाडपर्व व्यक्ति, परिवार र समाजलाई संयोजन गर्दै राष्ट्रिय एकता, भ्रातृत्व एवं सम्बन्ध सुधारका लागि महत्वपूर्ण बन्ने बताउनुभएको छ।

दसैँ, तिहार, छठलगायत राष्ट्रिय पर्व र नेपाल संवत् ११४३ का अवसरमा सबै नेपालीलाई बधाई तथा शुभकामना दिँदै उहाँले हाम्रा संस्कृति, परम्परा एवं मनाउँदै आएका चाडपर्वले मौलिकता र विविधताको प्रतिनिधित्व गर्ने उल्लेख गर्नुभयो।

सन्देशमा सभामुख सापकोटाले भन्नुभएको छ, "मौलिकता र विविधता नेपालीको मूल विशेषता रहेको छ। दसैँ, तिहार, छठलगायतका चाडपर्व सामाजिक अन्तरघुलन र सद्भाव बढाउन महत्वपूर्ण सावित भएका छन्।" उहाँले चाडपर्वका अवसरमा हुने पारिवारिक जमघट एवं आफन्त भेटघाटका क्रममा हुने छलफल समाज रुपान्तरणका लागि महत्वपूर्ण सावित हुने विश्वास व्यक्त गर्नुभयो। डेङ्गु सङ्क्रमणको जोखिमलाई ध्यान दिई सचेत भएर चाडपर्व मनाउन उहाँले सबैमा विशेष अपिल गर्नुभएको छ।

आगामी मङ्सिर ४ गतेका लागि तय भएको निर्वाचन निष्पक्षरुपमा सफल बनाउन हरेक बालिग नेपाली नागरिकको विशिष्ट योगदान रहेको भन्दै उहाँले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने विषयलाई गहिरो गरी आत्मसात् गर्न सम्पूर्ण नेपालीमा आग्रह गर्नुभएको छ।रासस

# राष्ट्रपति भण्डारीको समुपस्थितिमा टुँडिखेलमा फूलपाती बढाइँ

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीको समुपस्थितिमा नेपाली सेनाद्वारा आज सैनिक मञ्च टुँडिखेलमा विशेष 'फूलपाती बढाइँ समारोह-२०७९' सम्पन्न गरिएको छ।

फूलपाती बढाइँ समारोहमा नेपाली सेनाका परमाधिपति राष्ट्रपति भण्डारीमा नेपाली सेनाको सम्मान गारतले सलामी अर्पण गरेको थियो।

हिन्दू नेपालीहरुको महान पर्व बडादसैंको सप्तमी तिथि (फूलपाती) को दिन आयोजना हुने उक्त समारोहमा नेपाली सेनाद्वारा प्रस्तुत परेड, राइफलबाट लहरे र एकठ्ठा तथा तोपबाट गरिएको बढाइँको राष्ट्रपति भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री शेरबहादुर देउवालगायत उपस्थित विशिष्ट महानुभावहरुले रुचिपूर्वक अवलोकन गर्नुभएको थियो।



उक्त समारोहमा कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, सभामुख अग्निप्रसाद सापकोटा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, मन्त्रिगणलगायत सरकारी निकायका उच्चपदस्थ अधिकारीहरुको सहभागिता थियो। फूलपाती बढाइँ समारोहअन्तर्गत आयोजित परेड प्रदर्शनमा सेनाले दुर्गायन्त्रको चिह्न बनाएर प्रस्तुत गरेको थियो।

सेनाको बढाइँ टोलीले राइफलबाट विभिन्न पाटाहरुबाट छिटो लहरे, एकठ्ठा र दुर्गायन्त्र आकृतिसमेत बनाई बढाइँ गर्नुका साथै तोपबाट पनि बढाइँ गरेको थियो। यस्तै कार्यक्रममा नेपाली सेनाको महिला गुल्मसमेत सम्मिलित टोलीबाट मार्च पास प्रदर्शन गरिनुका साथै नेपाली सेनाको ब्यान्डबाट मालश्री धुन तथा दुर्गा भजनको धुनसमेत प्रस्तुत गरिएको थियो।

कोभिड-१९ सङ्क्रमणका कारण अघिल्लो वर्ष साङ्केतिकरूपमा मात्रै फूलपाती बढाइँ गरिएको थियो। बडादसैँको सप्तमी अर्थात् फूलपातीका दिन सेनाले हरेक वर्ष सैनिक मञ्च टुँडिखेलमा भव्य समारोहका बीच फूलपाती बढाइँ गर्दै आएको छ। रासस

# निर्वाचन अधिकृतको कार्यालय स्थापना

बलेवा । प्रतिनिधिसभा र प्रदेशसभाको आसन्न निर्वाचनका लागि निर्वाचन आयोगले बागलुङका दुईवटै क्षेत्रमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको छ।

सदरमुकाम बागलुङ बजारमा मुख्य निर्वाचन अधिकृत तथा क्षेत्र नं १ को निर्वाचन अधिकृतको कार्यालय र बुर्तिबाङ बजारमा क्षेत्र नं २ को निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको प्रमुख जिल्ला अधिकारी रमेश ढकालले जानकारी दिनुभयो।

बागलुङका मुख्य निर्वाचन अधिकृत डा दिवाकर भट्टले अब निर्वाचन अयोगले तयार गरेको कार्यतालिका निर्वाचन अधिकृतको कार्यालयबाट अघि बढ्ने बताउनुभयो । उहाँले निर्वाचन आचारसंहिता पालना भए नभएको पनि जाँचबुझ गर्ने जानकारी दिनुभयो।


मुख्य निर्वाचन अधिकृतको कार्यालय आफैँले उद्घाटन गर्नुभएका भट्टले निर्वाचन नभयरहित वातावरणमा सम्पन्न गर्न सरोकारवालालाई सहयोग गर्न अपिल गनुभयो।

निष्पक्ष निर्वाचनका लागि सबैको सरोकार हुने भन्दै भट्टले त्यसका लागि आचारसंहिता र निर्वाचन कानूनहरुको पालना गर्नुपर्नेमा जोड दिनुभयो। प्रमुख जिल्ला अधिकारी ढकालले सुरक्षा निकायका साथी नागरिकहरु नै भएकाले निर्वाचनको समयमा सबै नागरिक निष्पक्ष र भयरहित वातावरण बनाउनेमा लाग्नुपर्नेमा जोड दिनुभयो।रासस



महिलाद्वारा प्रदर्शन : अफगान छात्राहरूले "शिक्षा हाम्रो अधिकार हो, नरसंहार अपराध हो" भनेर नारा लगाउँदै प्रदर्शनको क्रममा हेरात विश्वविद्यालयबाट हेरातको प्रान्तीय गभर्नरको कार्यालयतिर ¬याली गर्दै। *तस्विर : एएफपी*

# वैकल्पिक खेल मैदानको काम सम्पन्न



सुर्खेत। सुर्खेतको वीरेन्द्रनगर स्थित कालिञ्चोकमा रहेको वैकल्पिक खेल मैदानको काम सम्पन्न भएको छ। कर्णाली प्रदेश सरकारले गौरवको आयोजनाका रुपमा लिएको प्रदेश रङ्गशाला निर्माणाधीन अवस्थामा रहेका कारण कर्णालीका विभिन्न विधाका खेलाडीलाई खेल मैदानको अभावका हुँदै आएको थियो।

गौरवको आयोजना प्रदेश रङ्गशाला निर्माण भइरहेका बेला कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले वैकल्पिक खेल मैदानका रुपमा वीरेन्द्रनगर कालिञ्चोकको मैदानलाई प्रयोग गरी बहुउद्देश्यीय वैकल्पिक खेल मैदानका रुपमा निर्माण गरेको हो।

कालिञ्चोकमा सम्पन्न भएको वैकल्पिक खेल मैदानमा क्रिकेट, फुटबल, रग्बी, हक्की र एथलेटिक्सलगायतका खेल खेल्न सकिने कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले जनाएको छ। प्रदेश राजधानी सहर सुर्खेत वीरेन्द्रनगरमा अबका दिनमा खेल मैदानको अभाव नहुने कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव विश्वामित्र सञ्ज्यालले बताउनुभयो।

सदस्य सचिव सञ्ज्यालका अनुसार योभन्दा अगाडि टिम गेम र अन्य गेम अहिलेको निर्माणाधीन गौरवको आयोजना प्रदेश रङ्गशालाभित्र हुने गर्थे। पछिल्लो समयमा गौरवको आयोजना निर्माणाधीन अवस्थामा रहेका कारण केही समय खेलाडीले मैदानको अभाव भोल्नु परे पनि अबका दिनमा भने खेलाडीले मैदानको अभाव झेल्नुपर्ने छैन।

वैकल्पिक बहुउद्देश्यीय खेल मैदानको कूल लागत भने रु २७ लाख रहेको छ। उक्त खेल मैदानमा कर्णालीमै पहिलो पटक निर्माण गरिएको सुविधा सम्पन्न मोबाइल ट्वाइलेटकोसमेत व्यवस्था गरिएको छ। गण्डकी प्रदेशको पोखरामा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि छनोट भएका विभिन्न इभेन्टका खेलाडीको बन्द प्रशिक्षण यही २१ गतेदेखि यही बहुउद्देश्यीय वैकल्पिक खेल मैदान हुनेछ।रासस

# बुर्किना फासोको सैनिक हस्तक्षेपप्रति राष्ट्रसङ्घीय महासचिवको चासो

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले बुर्किना फासोमा भएको सैनिक हस्तक्षेप र कूप्रति चासो व्यक्त गर्नुभएको छ।

उहाँले यहाँको सेनाले गरेको सैन्य 'कू'बाट नागरिक अधिकार हनन् भएका र सरकारमाथि हस्तक्षेप गरेको भन्दै पहिलेकै अवस्थामा फर्किन उहाँले बुर्किना फासोको सैनिकलाई आग्रह गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटरेसका प्रवक्ता स्टेफान डुजारिकले शनिबार एक विज्ञप्ति प्रकाशन गरेर सो कुराको जानकारी दिनुभएको हो।

सेनाका तल्लो तहका अधिकारीले शुक्रबार यसैवर्ष सेनाको बलमा गरिएको सैनिकको विद्रोहमार्फत् सत्तामा आएका सेनाप्रति बफादार मानिएको भनिएका एक नेता (जुन्टा)लाई देशमा जिहादी आक्रमणविरुद्ध लड्न असफल भएको भन्दै पदच्युत गरेका थिए।

महासचिव गुटरेसले थप शक्ति हत्याउने तथा देशका प्रजातान्त्रिक संरचना भत्काउनेकार्य नगर्न र गर्न नदिन यहाँको सेनालाई आग्रह गर्नुभएको छ। बुर्किना फासोका सेना प्रमुखले शुक्रबार यहाँका राष्ट्रपति सत्ताच्युत भएको घोषणा गरेका थिए। उनले देशको कार्यकारिणी अधिकार यहाँको सेनासँग रहेको पनि बताएका थिए।

बुर्किना फासोको सरकारले सत्ता हत्याएको घटनाको युरोपेली सङ्घलगायत विभिन्न अन्तरराष्ट्रिय सङ्घसंस्थाले विरोध गरेका छन्। उनीहरुले प्रजातान्त्रिक तवरबाट सरकार सञ्चालन गर्ने वातावरण निर्माण गर्न यहाँको सेनालाई आग्रह गरेका छन्।

# फुटबल खेलको दङ्गामा मृत्यु हुनेको सङ्ख्या एक सय ७४ पुग्यो



**एएफपी**

मलाङ्ग। इन्डोनेसियामा फुटबल खेलको क्रममा भएको दङ्गा भागदौडमा परिणत हुँदा आइतबार मृत्यु हुनेको सङ्ख्या एक ७४ पुगेको एक अधिकारीले स्थानीय सञ्चार माध्यमलाई जनाएका छन्। स्थानीय समयानुसार आइतबार बिहान ०९ :३० बजे मृत्युको सङ्ख्या एक सय ५८ पुगेको थियो, भने १०:३० यो सङ्ख्या एक सय ७४ पुगेको पूर्वीजाभा प्रकोप न्यूनीकरण एजेन्सीले सङ्कलन गरेको तथ्याङ्क भएको पूर्वीजाभाका डेपुटी गभर्नर एमिल डार्डकले प्रसारक कोम्पासलाई टिभी च्यानललाई जानकारी दिनु भएको छ।

इन्डोनेसियाली प्रहरीलाई उद्धृत गर्दै विभिन्न अन्तरराष्ट्रिय समाचार संस्थाले बताएअनुसार खेलका क्रममा एक खेलका पक्षधरले आफ्नो पक्षको हार सहन नसक्दा यस्तो घटना भएको थियो। इन्डोनेसियाको पूर्वीजाभा प्रान्तका प्रहरी प्रमुख निको अखिन्ताले दिएको समाचारमा खेलमा हार खाएको एक पक्षका समर्थकले हार सहन नसकेर हिंसा मच्चाएका थिए। त्यसपछि त्यहाँ जम्मा भएको भीडमा भागदौड पनि मच्चिएको थियो। भागदौडमा परेर करिब दुई सय जना घाइते पनि भएका जनाइएको छ।

हार्ने पक्षका समर्थकले पिचमा आक्रमण गरेका थिए। त्यसलगत्तै प्रहरीले पनि भीड नियन्त्रण गर्नका लागि अश्रुग्यास प्रहार गरेको थियो। प्रहरीले अश्रुग्यास हानेपछि सो खेल हेर्न त्यहाँ जम्मा भएका भीडका बीचमा भागदौड भएको थियो। धेरै जसो मानिस भागदौडमा परेर ज्यान गुमाएका थिए।

# खेलका क्रममा भएको हिंसामा एक सय २७ जनाको मृत्यु

**सिन्ह्वा**

जाकार्ता। इन्डोनेसियामा जारी रहेको एक फुटबल खेलका क्रममा भएको हिंसामा परेर कम्तीमा पनि एक सय २७ जनाको ज्यान गएको छ। खेल हेर्न गएका खेलका पक्षधरबीचमा भएको हिंसामा परेर ती व्यक्तिको ज्यान गएको एकजना प्रहरी अधिकारीले जानकारी दिएका छन्।

इन्डोनेसियाको पूर्वीजाभा प्रान्तको मलाङ्ग भन्ने स्थानमा भएको सो खेलका क्रममा सो खेलका समर्थकका बीचमा हिंसा भड्किएको थियो। हिंसामा परेर एक सय २७ जनाको ज्यान गएको र अरु कैयौँ घाइते पनि भएका सो समाचारमा जनाइएको छ। इन्डोनेसियाली प्रहरीलाई उद्धृत गर्दै विभिन्न अन्तरराष्ट्रिय समाचार संस्थाले बताएअनुसार खेलका क्रममा एक खेलका पक्षधरले आफ्नो पक्षको हार सहन नसक्दा यस्तो घटना भएको थियो।

इन्डोनेसियाको पूर्वीजाभा प्रान्तका प्रहरी प्रमुख निको अखिन्ताले दिएको समाचारमा खेलमा हार खाएको एक पक्षका समर्थकले हार सहन नसकेर हिंसा मच्चाएका थिए। त्यसपछि त्यहाँ जम्मा भएको भीडमा भागदौड पनि मच्चिएको थियो। भागदौडमा परेर करिब दुई सय जना घाइते पनि भएका जनाइएको छ। हार्ने पक्षका समर्थकले पिचमा आक्रमण गरेका थिए। त्यसलगत्तै प्रहरीले पनि भीड नियन्त्रण गर्नका लागि अश्रुग्यास प्रहार गरेको थियो। प्रहरीले अश्रुग्यास हानेपछि सो खेल हेर्न त्यहाँ जम्मा भएका भिडका बीचमा भागदौड भएको थियो। धेरै जसो मानिस भागदौडमा परेर ज्यान गुमाएका थिए।

# अफगान महिला विद्यार्थीहरुको ¬याली

**एएफपी**

हेरात। एक सयभन्दा बढी अफगान महिला विद्यार्थीले आइतवार पश्चिमी शहर हेरातमा ¬याली निकालेका छन्।

परीक्षाको तयारीमा भइरहेको एक कक्षाकोठामा आत्मघाती बम विष्फोटको विरोध गर्दै सो ¬याली निकालेका थिए। सयौं विद्यार्थीले विश्वविद्यालय भर्नाको लागि परीक्षा प्रशिक्षण लिइरहेका अवस्था भएको सो विस्फोटमा परी ३५ जना मारिनुका र अन्य ८२ जना घाइते भएका थिए।

आइतवार, एक सयभन्दा बढी महिला - धेरैजसो हजारा मुसलमान समूदायका व्यक्तिले हेरात आक्रमणको विरुद्धमा जुलुस निकालेका थिए। यो आक्रमण हालैका वर्षमा अल्पसंख्यकमाथि हमला सबैभन्दा घातकमध्ये एक भएको बताइएको छ।

"शिक्षा हाम्रो अधिकार हो, नरसङ्हार अपराध हो," भन्दै नारा लगाएका प्रदर्शनकारीले हेरात विश्वविद्यालयबाट प्रान्तीय गभर्नरसम्म ¬याली गरेका थिए।

महिला अधिकारको विरोधमा तालिबान सत्तामा फर्किएदेखि अधिकारीसँग तनावपूर्ण अवरोध देखिएका छन्, प्रदर्शनकारीहरुलाई हिरासतमा राखिएको छ र हवाई फायरिङद्वारा ¬याली तोडिएको छ।

तालिबानद्वारा महिलामाथि लगाइएको प्रतिबन्ध विरुद्धमा काबुलमा, धेरै महिला कार्यकर्ताले अझै पनि छिटपुट विरोध प्रदर्शन गर्ने प्रयास गरेका छन्।

# ब्याडमिन्टनको उपाधि भट्ट र खत्रीको जोडीलाई



महेन्द्रनगर। कञ्चनपुरको महेन्द्रनगरमा जारी जिल्ला स्तरीय पुरुष खुल्ला डबल्स ब्याडमिन्टन प्रतियोगिताको उपाधि महेशप्रसाद भट्ट र दिपक खत्रीको जोडीले जितेको छ। महेन्द्रनगरस्थित कभर्डहलमा आज सम्पन्न फाइनल खेलमा राजेन्द्र थापा र टङ्कप्रसाद भट्टको जोडीलाई सोझो सेटमा पराजित गर्दै भट्ट र खत्रीको जोडी विजयी भएको हो।

कञ्चनपुर जिल्ला ब्याडमिन्टन सङ्घको आयोजनामा भएको उक्त प्रतियोगितामा उपाधि विजेत टोलीले रु २१ हजार, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो। विजेता खेलाडीलाई जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराले पुरस्कृत गरेका थिए।

यसैगरी उपविजेता थापा र भट्टको जोडीले रु ११ हजार, मेडल र प्रमाणपत्र प्राप्त गरे। प्रतियोगिता संयोजक शेरबहादुर सिंहका अनुसार प्रतियोगितामा सिनियर र जुनियर 'बी' गरी छुट्टाछुट्टै खेल आयोजना गरिएको थियो। सिनियरतर्फ लोकेन्द्रसिंह ठगुन्ना र विवेक ऐर तथा रामचन्द्र रेग्मी र मोहन साउँदको जोडी तृतीय भयो। उनीहरुले रु पाँच हजार, मेडल र प्रमाणपत्र प्राप्त गरे।

जुनियर 'बी'तर्फको उपाधि कुवेर खड्का र लोकेन्द्रसिंह ऐरको जोडीले जितेको छ। फाइनलमा कमल रोकाया र शिवलाल चौधरीको जोडीलाई पराजित गर्दै खड्का र ऐरको जोडीले उपाधि जितेको हो। उनीहरुले रु १० हजार प्राप्त गरे। उपविजेता रोकाया र चौधरीको जोडीले रु पाँच हजार पुरस्कार प्राप्त गऱ्यो।

यस्तै जुनियर 'बी'तर्फ सुरेन्द्र ओझा र हरिप्रसाद भट्ट तथा किशोर जैरु र दिपक कुवँरको जोडीले तृतीय स्थान हासिल गऱ्यो। उनीहरुलाई रु एक हजार पाँच सय नगद, मेडल र प्रमाणपत्रबाट पुरस्कृत गरियो। समापन समारोहमा समन्वय समितिका प्रमुख दुर्गा बोहरा, नेपाल ब्याडमिन्टन सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द स्वाँर, नेपाल भलिबल सङ्घका केन्द्रीय उपाध्यक्ष हरकसिंह धामी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कुवेर खड्का, कञ्चनपुर जिल्ला ब्याडमिन्टन सङ्घका संस्थापक अध्यक्ष क्षत्रज्ञनारायाण खत्रीलगायत सहभागी थिए। बडादसैं र दिपावलीको अवसरमा आयोजना गरिएको उक्त प्रतियोगितामा जिल्लाभरबाट ५० टोली सहभागी थिए।रासस

# साइकल प्लाङ्क ब्यालेन्स प्रतियोगिताको उपाधी सुशान्तलाई

**टुडे समाचारदाता**

काठमाण्डु। नेपालमै पहिलो पटक आयोजना गरिएको साइकल प्लाङ्क ब्यालेन्स प्रतियोगिताको उपाधी कपिलवस्तुका सुशान्त थापाले जितेका छन्।

लायन्स क्लब अफ कपिलवस्तुले कपिलवस्तुको बाणगंगास्थित राजापानी पोखरीमा प्रतियोगिता आयोजना गरेको थियो पोखरीमाथि बनाइएको साँघुरो ट्र्याकमा साइकल चलाएर खेलिने उक्त प्रतियोगितामा कपिलवस्तु, रुपन्देही, दाङ र बाँके जिल्लाबाट १२९ जनाले भाग लिएका थिए।

प्रतियोगितामा भाग लिएका १२८ जनालाई पछि पार्दै कपिलवस्तुको बाणगंगालका सुशान्त थापा प्रथम भएका हुन्। पोखरीमाथि बनाइएको ४४ मिटर लामो ट्र्याकलाई थापाले १२ दशमलव ३७ सेकेन्डमा पार गर्दै प्रतियोगिताको उपाधि जितेका हुन्। उनले उपाधीसँगै नगद ५० हजार हात पारेका छन्।



रुपन्देहीको सैनामैनाका रिजन बन्जाडेले १५ दशमलव ०७ सेकेन्डमा उक्त दुरी पार गर्दै दोश्रो भए। बन्जाडेले नगद २५ हजार पुरस्कार प्राप्त गरे। त्यस्तै कपिलवस्तुकै सौरभ शर्माले १६ दशमलव २८ सेकेण्डमा दुरी पार गर्दै तेस्रो भए भने सुदीप घिमिरेले १६ दशमलव ५६ सकेण्डमा दुरी पार गर्दै प्रोत्साहन पुरस्कार प्राप्त गरे।

पहिलो चरण पुरा गरी दोस्रो चरणमा प्रवेश गरेका ८ जनाबीच गराइएको अन्तिम प्रतिष्पर्धामा ६ जनाले मात्रै दुरी पार गर्न सकेका थिए।

ती मध्ये सबैभन्दा कान्छा सहभागि बुटवलका ११ वर्षीय मनिक श्रेष्ठले पनि दुरी पार गर्न सफल भएका थिए। प्रतियोगिताको निर्णायक समितिका संयोजक नवदत्त घिमिरेले दुरी पार गर्न सफल भएका ६ जनाबीच दुरी पार गरेको समयको आधारमा बिजेता घोषित गरिएको बताए।

लायन्स क्लव अफ कपिलवस्तुले यसअघि सातवटा विभिन्न साहसी र अनौठो प्रकृतिका खेलकुद प्रतियोगिता आयोजना गर्दै आएकोमा साइकल प्लाङ्क ब्यालेन्स प्रतियोगिता भने पहिलो पटक आयोजना गरेको हो। साहसिक खेलको माध्यमबाट पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै गएको राजापानीको महत्व बुझाउन सकियोस् भन्ने उद्देश्यले यसप्रकारको प्रतियोगिता आयोजना गरिएको क्लबका अध्यक्ष राम शुभागे थारुले बताए।

प्रतियोगिताका बिजेताहरूलाई पुरस्कार प्रदान गर्दै लुम्बिनी प्रदेशका निवर्तमान प्रदेशसभा सदस्य विष्णु पन्थीले यो खेल साहसिक सँगै मनोरञ्जनपूर्ण रहेको बताए। जिल्लामा नौलो प्रतियोगिता आयोजना भएको भन्दै खेल हेर्नका लागि बाणगंगा सहित कपिलवस्तु, रुपन्देही लगायतका जिल्लाका खेलप्रेमीहरूको बाक्लो उपस्थिति थियो।



**विमानस्थलमा यात्रुको चाप**: दशैं मनाउन आफ्नो गन्तव्यमा जाने क्रममा आइतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक 'टर्मिनल' मा यात्रुहरु । *तस्विर : रासस*

# दसैं–तिहारसँगै डुङ्गा व्यवसायी व्यस्त

कास्की । वर्षायाम सकिएसँगै फेवातालका डुङ्गा व्यवसायीहरू व्यस्त हुन थालेका छन् । आन्तरिक र बाह्य पर्यटकको आगमन बढेसँगै डुङ्गा चालकहरू चाडपर्वका लागि पैसा जोहो गर्ने सुरसारमा छन् ।

कोरोनाले पोखराको पर्यटन व्यवसाय समस्यामा थियो । चाडपर्व सुरु भएसँगै बाक्लिएको पर्यटकको घुइँचोले उनीहरूमा आशा जगाएको छ । तीमध्ये डुङ्गा चालकहरू पनि आयआर्जन बढ्नेमा ढुक्क छन् । कोरोना मत्थर भएसँगै पोखरामा पर्यटकको सङ्ख्या बढेको डुङ्गा चालक चिजमान गुरुङले बताउनुभयो ।

पोखरा आएका पाहुना फेवाताल पुगेर डुङ्गा सयर गर्ने उहाँको भनाइ थियो । यसरी फेवातालमा डुङ्गा चढ्ने पाहुनाका कारण आफ्नो आम्दानी बढेको गुरुङले जानकारी दिनुभयो ।

"कोरोनाको बेलामा त सुक्को पैसा कमाइएन, जहान बच्चा पाल्न पनि धौधौ थियो", उहाँले भन्नुभयो, "कोरोना घटेपछि पाहुना आएर डुङ्गा चढ्नुहुन्छ अलिअलि भए पनि कमाइएको छ ।" पहिले दैनिक रु एक हजार पाँच सयसम्म आम्दानी गर्नुहुने गुरुङले अहिले दैनिक रु आठ सयसम्म कमाउनुहुन्छ ।

पोखरा आएपछि फेवातालमा डुङ्गा सयर नगरी फर्कनै मन नलाग्ने स्याङ्जाबाट पोखरा घुम्न आउनुभएका समिर मानन्धरले बताउनुभयो । गएको दुई वर्ष कोरोनाले गर्दा घुम्न नपाएको बताउनुहुने उहाँ दसैं बिदाको मेसोमा पोखरा आउनुभएको हो । पोखरा आएलगत्तै सिधै फेवाताल पुगेर डुङ्गा चढी बाराही मन्दिरको दर्शन गरी फर्किएको उहाँले सुनाउनुभयो ।


चाडपर्वको आगमनसँगै पर्यटक पोखरा आउन थालेको फेवा डुङ्गा व्यवसायी सङ्गठनका अध्यक्ष बलराम गिरीले जानकारी दिनुभयो । पोखरा आएका पर्यटक फेवातालमा डुङ्गा चढ्न हुरुक्कै गर्ने कारण डुङ्गा चालक व्यस्त हुन थालेको उहाँको भनाइ छ ।

फेवातालका आठवटा घाटबाट डुङ्गा सञ्चालन हुने गर्छ । अहिले ती सबै घाटका डुङ्गा चालक बिहानदेखि बेलुकासम्मै व्यस्त हुन थालेको अध्यक्ष गिरीले जानकारी दिनुभयो । बाराही, फिस्टेल, अम्बोट, गौरी, पहारी, स्वीमिङपुल, फेवा र बङ्लादी गरी आठ घाटमा सात सय २६ वटा डुङ्गा छन् । ती डुङ्गा चलाउने २५ जना महिला छन् भने बाँकी सबै पुरुष छन् । त्यसमा पनि युवाहरूको सङ्ख्या धेरै रहेको अध्यक्ष गिरीले जानकारी दिनुभयो । पर्यटकले तोकिएको भन्दा बढी भाडा लिएको गुनासो गर्न थालेपछि फेवा डुङ्गा व्यावसायी सङ्गठनले अनुगमन समिति पनि बनाएको छ । अनुगमन समिति गठन भएर निरीक्षण गर्न थालेपछि पर्यटकको गुनासोमा कमी आएको अनुगमन टोलीको संयोजक प्रितम कुँवरले बताउनुभयो ।

"बाराहीघाटबाट बाराही मन्दिरसम्म पुगेर फर्केको रु ६० भाडा हो तर, यहाँ चालकले मनोमानी पैसा लिएको भन्ने गुनासो आउन थाल्यो", कुँवरले भन्नुभयो, "यसका लागि हामी अनुगमनमा निस्कन्छौँ, त्यस्तो भेटिए तत्काल कारबाही गर्छौं ।"

दसैंको आगमनसँगै पोखरामा आन्तरिक पर्यटकको आगमन बढेकाले डुङ्गा व्यवसायी र चालक खुसी भएको कुँवरले बताउनुभयो । पोखरा आएका आन्तरिक तथा केही बाह्य पर्यटकले डुङ्गा चढ्ने गरेको उहाँले जानकारी दिनुभयो । सोही कारण फेवातालका डुङ्गा व्यवसायी तथा चालकले आम्दानी बढ्ने आशा गरेका छन् ।रासस

# चितवनको सौराहा पर्यटकको पर्खाइमा



चितवन । दसैंको मुखमा सौराहाका ६५ हात्तीले दैनिक चार पटक पर्यटकलाई वन घुमाउँदा धेरैले पालो पाउँदैनथे । कतिपय कुरेर हात्ती चढ्थे भने कतिपय त्यसै फर्कनु पर्दथ्यो । यही पर्यटकको चापसँगै कोभिडले सुनसान बनाएको सौराहाको पर्यटन क्षेत्र यस वर्ष पनि पूर्ववत् अवस्थामा फर्कन सकेन ।

विगतको तुलनामा यतिबेला सौराहा सुनसान छ । सौराहाका निजी हात्ती सञ्चालन गर्ने सामूहिक सहकारी युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष ऋषि तिवारी पर्यटकको पर्खाइमा रहेको बताउनुहुन्छ । उहाँका अनुसार अहिले दैनिक १०/१५ हात्तीले मात्र पर्यटक बोक्ने अवसर पाएका छन् । ६५ बाट घटेर हात्तीको सङ्ख्या ३२ मा झरेको छ । विगत चार वर्षअघिसम्मको अवस्थालाई स्मरण गर्दै तिवारीले भन्नुभयो, "यतिबेला हाम्रा ६५ हात्तीले दैनिक चार ट्रिप गर्दा पनि पर्यटकले पालो पाउँदैनथे । अहिले १०/१५ वटाभन्दा बढी हात्तीले एक ट्रिप पनि पाएका छैनन् ।"

आफूहरु पर्यटकको आगमन हुनेमा आशावादी रहेको तिवारी बताउनुहुन्छ । क्रमशः पर्यटक बढ्नेमा उहाँ विश्वस्त हुनुहुन्छ । राप्ती किनारस्थित होटल सनसेटभ्यूका सञ्चालक दिपेन्द्र खतिवडा विगतमा दैनिक एक सयभन्दा बढी पर्यटक दैनिक रेष्टुरेन्टमा आउने भए पनि अहिले २० जना पनि पुग्न मुस्किल हुने गरेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "ग्राहक नै कम हुन्छन् । त्यसमा पनि पहिले जस्तो खर्च गर्ने अवस्था देखिँदैन ।" पहिले पहिले मन फुकाएर ग्राहकले खर्च गर्ने गरेको भन्दै खतिवडाले अहिले त्यस्तो अवस्था नरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कोभिड-१९ को असर बल्ल देखिएको जस्तो लाग्छ ।" क्षेत्रीय होटल सङ्घका निवर्तमान अध्यक्ष सुमन घिमिरे घुम्ने समय परिवर्तन भएको आँकलन गर्नुहुन्छ । दसैंमा मात्र नभएर अन्य समयमा घुम्न थालेकाले यतिबेला सोचे जस्तो पर्यटक नआएको हुनसक्ने उहाँ बताउनुहुन्छ । घिमिरेले भन्नुभयो, "नेपाली मात्र होइन विदेशी पनि आएका छैनन् ।" सडकको दुरावस्थाले पर्यटकलाई रोकेको हुनसक्ने उहाँको अनुमान छ ।

जङ्गल क्राउनका कार्यकारी प्रमुख सन्तोष गिरी कोभिड-१९ का वर्षमा जति पर्यटक यो वर्ष सौराहामा नआएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "कोभिडको वर्ष दसैंमा खुल्दै गर्दा होटल भरिएका थिए ।" यसले राम्रो सङ्केत नदेखिएको उहाँको भनाइ छ । क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष दिपक भट्टराई सौराहामा आन्तरिक र बाह्य पर्यटक नआएको बताउनुहुन्छ ।

भट्टराईको भनाइमा यतिबेला होटल ८० देखि ९० प्रतिशत भरिन्थे । यस वर्ष ३० प्रतिशतसमेत पुगेका छैनन् । तिहारसम्म राम्रो हुने अपेक्षा उहाँले गर्नुभयो । कोभिड-१९ को समयमा भन्दा कम पर्यटक सौराहा आएपछि व्यवसायी चिन्तित छन् । भट्टराईले भन्नुभयो, "हाम्रो अवस्था श्रीलङ्काकोभन्दा कम छैन । खर्च गर्ने पैसा नभएर यस्तो अवस्था आएको हो भन्ने मलाई लाग्छ ।"

विगतमा यतिबेला सबै कर्मचारी होटलमा हुन्थे । यस वर्ष बिदा दिनुपरेको भट्टराईको गुनासो छ । उहाँले भन्नुभयो, "अहिले हामीले कर्मचारीलाई बिदा पठाउन थाल्यौं । विगतमा यस्तो थिएन । होटलमा पर्यटक आए आउने गरी बिदा गरेका हौं ।" आफूहरु तयारी अवस्थामा रहेको उहाँ बताउनुहुन्छ । सौराहामा एक सय २० होटल क्षेत्रीय होटल सङ्घमा आबद्ध छन् । सङ्घमा दर्ता नभएका अरु साना होटल पनि छन् । भट्टराईका अनुसार सौराहाका होटलमा आठ हजार पर्यटक अट्नसक्ने क्षमता छ ।रासस

# ५० हजार बढी खसीबोका निर्यात हुँदा ६० करोड आम्दानी

सुर्खेत । कर्णाली प्रदेशबाट यो वर्ष दसैंको लागि ५० हजार खसीबोका र भेडाच्याङ्ग्रा निर्यात भएको छ । प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयअन्तर्गतको पशुपक्षी विकास निर्देशनालयका अनुसार उक्त संख्याका खसीबोका र भेडाच्याग्रा निर्यात हुँदा रु ६० करोडभन्दा बढी रकम भित्रिएको निर्देशनालयका सूचना अधिकारी मोहन गिरीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "स्थानीय र प्रदेश सरकारले विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गरी किसानलाई आकर्षित गर्ने प्रयास गरेकाले पनि पशुपालन व्यवसाय बढेका छन्, त्यसैले उत्पादन पनि बढेको छ ।"

अहिले प्रदेशका चारबटा नाका सुर्खेतको कर्णाली चिसापानी कुइने र हर्ज्य, सल्यानको कालिमाटी काल्चे तथा कपुरकोट नाकाबाट मासुका लागि खसीबोका, भेडालगायत पशु निर्यात भइरहेका छन् । गत वर्ष पनि ५० हजारको हाराहारीमा पशु चौपाय मासुको लागि निर्यात गरिएका थिए । तीमध्ये केही खसीबोका बिक्री नभएर फिर्ता आएको सूचना अधिकारी गिरीले बताउनुभयो । निर्देशनालयका अनुसार दुई हजारभन्दा धेरै खसीबोका र भेडाच्याङ्ग्रा फिर्ता भएको थियो । दसैंतिहारमा कर्णालीका विभिन्न जिल्लाबाट खसीबोका एवं भेडाच्याङग्रा देशका विभिन्न ठूला सहरमा निर्यात हुने गरेको छ ।

विगतका वर्षभन्दा अहिले माथिल्लो कर्णालीका हिमाली जिल्ला जुम्ला, कालिकोट, हुम्ला, मुगु र डोल्पामा भेडाच्याङ्ग्राको उत्पादन वृद्धि भएको देखिएको छ ।

**खसीको मासुमा कर्णाली आत्मनिर्भर**

कर्णाली प्रदेश खसीको मासुमा आत्मनिर्भर बनेको छ । विभिन्न उत्पादनमुखी कार्यक्रम सञ्चालन हुँदा खसीको मासुमा प्रदेश आत्मनिर्भर भए पनि कुखुराको मासु भने अझै बाहिरबाट निर्यात गर्नुपर्ने भएको छ ।रासस

# दसैंकै मुखमा अस्थायी पुलले ल्याएको खुसी

सिन्धुपाल्चोक । "यो वर्ष त दसैंले भन्दा पनि नदीमा ह्युम पाइप राखेर यातायात सञ्चालन हुँदा बढी खुसी लाग्यो । अब त मेलम्चीवासीलाई हिंदमा मात्रै भएपनि आउजाउ गर्न पनि सहज भयो ।", मेलम्ची ९ का राजु पुरीले भन्नुभयो । बिरामी पर्दा र छिटो पुगेर आउनुपर्ने अवस्थामा वर्षायाममा धेरै धेरै सकस भएको थियो, गाउँमा दैनिक एक सय २० लिटर दूध सङ्कलन गरेर मेलम्ची बजारसम्म ल्याउने गर्दै उहाँले बताउनुभयो । अस्थायी पुल बनेपछि मेलम्ची पारी रामपुर बैंशीबाट बोक्नुपर्ने समस्या केही समय भए पनि हटेको छ । गाडी प्रयोग गर्दा बाहुनेपाटी घुमेर आउनुपर्दा । समय पनि बढी लाग्ने पुरीले बताउनुभयो ।



जम्माजम्मी नौ महिनामात्र यातायात आवतजावतमा सहज हुने अस्थायी पुल (ह्युम पाइप) बनाउँदा नागरिकमा राहतको महसुस भएको छ । दैनिकजसो बजार आउजाउ गर्नुपर्नेका लागि सहज भएको छ । मेलम्ची नगरपालिका-९ र १० मा उत्पादन भएको तरकारी, फलफूल, दूध र मासुका लागि पशुपन्छी बजारसम्म ल्याउन सहज भएको छ । यस्तै पाँचपोखरी थाङपाल गाउँपालिका र ईन्द्रावती गाउँपालिकाका नागरिकलाई त्यहाँबाट बजारसम्म आउजाउ गर्न सहज भएको छ । घुमेर बाहुनेपाटीको बाटो प्रयोग गर्नुपर्ने समस्या हटेपछि मेलम्ची बजारमा पनि चहलपहल बढेको छ ।

"गाउँमा सानो किराना पसल छ । वर्षायाममा त जसोतसो गरेर मात्र चलाइयो । यो बीचको समय त धेरै कष्ठ गरेर सामान ल्याइयो बोकेर पुल तार्नुपर्ने, नबोकौं भने बाहुनेपाटी घुमेर आउनुपर्थ्यो तर अहिले त दसैं आएको भन्दा पनि बढी खुसी लागेको छ मलाई त" पाँचपोखरी थाङपाल गाउँपालिका रवीन थापाको भनाइ थियो । उहाँजस्ता गाउँमा किराना पसल चलाउने, दूध सङ्कलन गरेर बजारमा ल्याउने, तरकारी उत्पादन गर्ने सबैलाई बजारसम्मको पहुँच सहज भएको छ ।

खोलामा पानीको सतह बढेपछि असार महिनामा अस्थायीरुपमा बनाइएको पुल बगाएपछि साना गाडी पनि मारमा परेका थिए । तीन महिनाजती गाडी नै घरमा लगेर राख्नु परेको मेलम्ची- ९ का रामकृष्ण धितालले बताउनुभयो । दसैंको मुखैमा खोलामा ह्युम पाइप राखेर अस्थायी रुपमा बनाइएको पुलले खुसी दिएको र तीन महिनासम्म थन्क्याइएको गाडी बल्ल गुड्न पाएको उहाँले बताउनुभयो । गाउँमा सङ्कलन हुने दूध, तरकारी तथा खसीबोका बोकेर दैनिक बजार आउने गाडी वर्षायामको तीन महिनामा त गाउँमा कोही बिरामी परे अस्पतालसम्म लैजाने र कहीकाहीँ अत्यावश्यक काम परे मात्र घुमेर बजारसम्म गएको चालक धितालको भनाइ थियो । उहाँजस्ता साना ट्रक चलाउनेहरुले पनि असार, साउन र भदौ महिनासम्मा आफ्ना सवारी साधन थन्क्याएर राखेका थिए ।

गत वर्षको बाढीले पक्की पुल बगाएकाले मेलम्ची र इन्द्रावतीको दुई स्थानमा अस्थायी पुल हालिएको छ । विसं २०७८ असारमा मेलम्ची र इन्द्रावती खोलामा आएको बाढीले सात पक्की पुल र ११ झोलुङ्गे पुल बगाएको थियो । यातायात सञ्चालन नहुँदा पाँचपोखरी थाङपाल गाउँपालिका-३ मा डेमा तामाङले वर्षाको तीन महिनासम्म जोहो गरेको सामानले छाक टार्नुभएकामा अहिले अस्थायी पुल बने पछि सहजै सामान लैजान सकिनेमा उहाँ ढुक्क हुनुभएको छ ।

मेलम्ची नगरपालिकाले दसैंलाई लक्ष्य गरेर मेलम्ची र इन्द्रावती नदीमा ह्युमपाइप राखेपछि आवतजावतमा सहज भएको छ । नगरपालिकाले वडा नं ११ फट्टेस्थित मेलम्ची खोलामा पुरानो मोटरेबेल पुल भएको ठाउँमा अस्थायी पुल बनाएको हो । ईन्द्रावती खोलामा पाँचपोखरी र इन्द्रावती जाने ठाउँमा पनि अस्थायी पुल सञ्चालनमा ल्याइएको छ । फट्टेस्थित मेलम्ची खोलामा बनेको पुलले हेलम्बु, मेलम्ची र पाँचपोखरीका नागरिकलाई यातायातको पहुँचमा सहज तुल्याएको छ भने इन्द्रावती खोलामा बनेको अस्थायी पुलबाट पाँचपोखरी, ईन्द्रावती र मेलम्चीका वासिन्दालाई सुविधा पुगेको छ ।रासस

# लिङ्गे पिङ सम्झने, व्यावसायिक पिङमा मच्चिने

कुश्मा । "कस्तो आङ्नै जिरिङ्ग भो । दसैंमा एकपटक भूँइ छोड्नुपर्छ रे, यहीँ भए नि पिङको झल्को मेटियो बाई ।",



बञ्जी परिसरमा रहेको गुलेली पिङमा मच्चिएर आतिदै ओर्लिनुभएकी कुश्मा बजारकी शर्मिला श्रेष्ठले भन्नुभयो, "बच्चा हुँदा बजारको टोल-टोलमा पिङ हालिन्थ्यो । सबै ठाउँमा पालो लगाएर खेल्न जान्थ्यौं तर अहिले पिङ हाल्ने जागर कसैले चलाउँदैनन् ।"

"हाम्रो दसैंमा टीका छैन । आज कुश्मा बसेर भोलि बिहान मुस्ताङ हिंड्छौं ।", श्रीमतीसहित हार्नेस् जिपलाइनको ज्वाइन्ट पिङ खेल्ने तयारीमा बस्नु भएका ललितपुरका राकेश मानन्धरले भन्नुभयो, "हाम्रोमा त्यो बाबियोको पिङ देख्न छाडेको त धेरै वर्ष पो भएछ । हामी चाहीं लिङ्गे पिङको मज्जा अब यही पिङमा लिन जाँदैछौं । हल्का डर लागिरहेको छ ।"

पर्वतमा द क्लिफ प्रालिले बञ्जीसँगै गुलेली पिङ पनि सञ्चालन गर्दै आएको छ । बञ्जी गर्न डर मान्ने र थोरै पैसामा कालीगण्डकी नदीलाई उचाइबाट रोमाञ्चित तरिकाले नियाल्न चाहनेको रोजाइँमा गुलेली पिङ पर्ने गरेको छ । अर्को हार्नेस जिपलाइन परिसरमा रहेको दुईजना साथमै खेल्न सकिने ज्वाइनट पिङमा पनि मान्छेले पिङको मज्जा लिइरहेका छन् ।

"मान्छेको भीड बढेको छ । विभिन्न ठाउँबाट दसैं मनाउन गाउँ आएका एकपटक कुश्मा घुम्न जाउँ साहसिक खेलको मज्जा लिऔं भन्ने देखिएको छ ।", हार्नेस जिपलाइनका सञ्चालक नरेन्द्र केसीले भन्नुभयो, "दसैं भएर पनि होला पिङ खेल्ने धेरै हुनुहुन्छ ।"

दसैंअघिसम्म सुस्ताएको पर्यटन व्यवसाय घटस्थापनको दिनदेखि चहलपहल बढ्दै गएको द क्लिफका सञ्चालक नेत्र पराजुलीले बताउनुभयो । "दसैंमा एकपटक भए पनि भूँइ छाड्नुपर्छ भनेर पनि हुनसक्छ बञ्जी, स्वीङ, पिङ, स्काइ क्याफे, साइकलिङ गर्ने बढ्नुभएको छ ।", उहाँले भन्नुभयो ।

केही वर्षअघिसम्म पनि कुश्माका ठाउँठाउँमा बाँसका चारवटा लिङ्गा गाडेर बाबियोको लठारो बाटेर पिङ हाल्ने गरिन्थ्यो । पछिल्लो समय बढ्दो सहरीकरण र आधुनिकताले पिङ संस्कृतिको महत्वलाई घटाएको पाका पुस्ताको बुझाइ छ । "पिङ हाल्ने ठाउँ सबै घरले भरिएका छन् । हामी बुढेसकाल लाग्यौं भर्खरका केटा मोबाइलमा भुलेका छन् । दसैं त विर्सन लाका छन् अब पिङको के कुरा गर्नु र, खै ।", ८२ वर्षका खडान्नड पौडेलले भन्नुभयो ।

"हाम्रो पालामा महिनौंदेखि दसैंको प्रतिक्षामा बस्थ्यौं, राम्रा लुगा कहिले लाउन पाइएला, सेलरोटी मासु कहिले खाना पाइएला भनेर साथीभाइमा कुरा हुन्थ्यो ।", नेपाली कांग्रेसका जिल्ला उपसभापति डा चुँडामणि शर्माले भन्नुभयो, "एकहप्ता अघि चर्के पिङ, लठे पिङ टोलटोलमा हालेर एकअर्काबीच कसको पिङ राम्रो र कहाँ बढी मान्छे जम्मा भए भनेर प्रतिस्पर्धा नै हुने गर्थ्यो ।"

लोप हुँदै गएको लिङ्गे पिङ सहरबाट लगभग विस्थापित भइसकेको छ । युवा पनि रोजगार र अध्यनका लागि विदेश र सहर पसेका छन् । गाउँमा युवा पाउन मुस्किल भएको छ । "मनोरञ्जनका विभिन्न साधन र माध्यम छन् पिङ खेलेर मनोरञ्नन लिनुपर्छ भन्ने कुरा युवाले मान्न छाडिसके, उनीहरुमा पिङ संस्कृतिलाई निरन्तरता दिनुपर्छ भन्ने सौंच पनि देखिँदैन ।", फलेवास नगरपालिकका प्रवक्ता अच्युत तिवारीले भन्नुभयो ।

"पिङका लागि आवश्यक बाँस, काठ आदि सामग्री खोज्न झन्झटिलो, पट्यार लाग्दो हुने र समूहमा काम गर्नुपर्ने हुँदा मुस्किल हुन्छ ।", कुश्माका युवा अमृतप्रसाद पौडेलले भन्नुभयो, "आफ्नो चल्दै आएको परम्परा र संस्कृतिलाई निरन्तरता दिन मन नभएको कहाँ हो र ? धेरै साथी विदेश छन् कोही सहरतिर, उही हतारहतार दसैंमा आउँछन्, गाउँमा आएपछि जुवा र खानपीनमै रमाउने भएपछि उनीहरुलाई पिङ किन चाहियो ?" रासस

# नवरात्रको सातौँ दिन कालरात्रि देवीको विशेष पूजा आराधना

**टुडे समाचारदाता**

जनकपुरधाम । नवरात्र अर्थात् दुर्गा पक्षको सातौँ दिन आइतबार दसैँ घर वा पूजा कोठामा कालरात्रि देवीको विशेष पूजा आराधना गरिएको छ । वडादसैँ अर्थात् दुर्गा पक्षको नौ दिनसम्म दुर्गा देवीका नौ रुपको विशेष पूजा आराधना गर्ने शास्त्रीय परम्परा छ।

पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौँथो दिन कुष्माण्डा, पाचौँ दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको विशेष पूजा आराधना हुने गर्छ। यस अवसरमा महाकमाली, महालक्ष्मी र महासरस्वतीको पनि विशेषरुपमा पूजा आराधना गरिन्छ । नौ दिनसम्म विशेष साधना गरे मनले चिताएको पुग्ने, शक्ति प्राप्त हुनेलगायत धार्मिक विश्वास छ। यस अवसरमा देधशभरका शक्तिपीठहरुमा पनि भक्तजनको बिहानैदेखि भीड बढेको थियो।

नवौं दिनसम्म विधिपूर्वक पूजाआराधना गरिएको दुर्गादेवीको प्रसाद विजयादशमीका दिन मान्यजनका हातबाट लगाइन्छ। दशैंको महत्वपूर्ण दिन विजयादशमीका अवसरमा घटस्थापनामा राखिएको घडाबाट विधिपूर्वक अभिषेक गरी दुर्गाको प्रसादका रुपमा जमरा र रातो टीका लगाइन्छ। केहीले भने कूल परम्पराअनुसार यसअवसरमा सेतो अक्षताको टीका लगाउँछन्।

यसैगरी दसैंका अवसरमा बजारमा किनमेल गर्नेको भीड पनि बढ्न थालेको छ । मुख्य बजारमा सामान किनमेल गर्नेको लर्को छ। कति मानिस भने आ-आफ्नो थातथलो फर्केका छन् । कतिले जाने तयारी गर्न थालेका छन् । यात्रुले सार्वजनिक यातायात सहज नभएको गुनासो गरेका छन् । विशेषगरी राजधानी बाहिर जाने यात्रु यातायात व्यवसायीबाट ठगिएको गुनासो हुन थालेको छ।

## आज साँझ देखि बोकावली प्रदान हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । राजदेवी मन्दिरमा सोमबार साँझदेखि बोकावली प्रदान हुने भएको छ । महाअष्टमीको राति यस वर्ष १४ हजारकै हाराहारीमा बोकावली प्रदान हुने अनुमान गरिएको छ।

बोकावलीका लागि शनिबार साँझसम्म सात हजारभन्दा बढी रसिद काटिसकेको र आइतवार सो संख्या दोब्बर पुगेको हुन सक्ने महावीर युवा कमिटिका उपाध्यक्ष महेश साहले जानकारी दिए। उनका अनुसार रसिद गत विहीबारदेखि तीन ठाउँमा काट्ने कार्य भइरहेको छ । गुठी संस्थान जनकपुर, महावीर युवा कमिटि र राम युवा कमिटिले बोकावलीको रसिद काट्ने गरेका छन् ।

पछिल्लो समय बोकावली प्रदान गर्ने संख्या बढ्दै गएको छ। यद्यपि कोरोना महामारीको पहिलो लहरमा बोकावली हुने संख्या आधी भएको थियो । राजा जनकको कुलदेवता मानिएको राजदेवी मन्दिरमा वर्षमा एक दिनमात्र महाष्टमीको राति बोकाबली हुने गरेको छ । सोमबार साँझ साढे आठ बजेदेखि बोकाबली दिइने आयोजकको तयारी छ। यस पटक पनि मन्दिर भित्र चार ठाउँमा बोकावली हुनेछन् ।

# लोक नृत्य झिझियाको रौनक



**नरेशचन्द्र बरबरिया**

सिरहा । मधेशको प्रचलित लोक नृत्यमध्ये झिझिया तान्त्रिक विधिअनुसार घटस्थापादेखि विजया दशमीसम्म देवी स्तुतिको रुपमा गाउँ वस्ती लगायत शहर बजारमा यति बेला झिझियाको रौनक छाएको छ।

विधि अनुसार सन्तान र समाजको सुरक्षाका लागि झिझिया नृत्य गर्ने गरिएको जनविश्वास छ भने अर्कोतिर जादु, टुनामुना, बोक्सी आदिको प्रभाव कम गर्न प्वाल पारिएको घैटामा दियो कलश राखेर महिला दिदी बहिनीहरूले टाउकोमा राखेर बेलुका घर घर गएर नाच्ने परम्परागत नृत्य हो।

झिझिया लोक नाच सिरहा धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सासहितका जिल्लामा प्रदर्शन गरिन्छ।

झिझियामा कुनै जाति विशेषको नभइ सम्पूर्ण मैथिल समाजको लोकनृत्य हो । बोक्सीको आँखा नलागोस् भनेर धामीद्वारा झिझियालाई मन्त्रसहित छेकबार गरिन्छ।

मन्त्रिएपछि महिलाहरुको टोलीमध्ये एक वा दुई महिला टाउकामा आगो बलिरहेको घैंटो राखेर बिना हातको सहारा लिई नाच्दै ब्रह्मस्थानमा पुगेर सबैभन्दा पहिले डिहवारको पूजा गरेर नृत्य गर्ने गर्दछन्।

ब्रह्मस्थानमा नृत्य गरे लगत्तै झिझिया औपचारिक रूपमा सुरु हुन्छ । त्यसपछि घर घरमा गएर नृत्य देखाउने परम्परा रहेको छ।

# राजदेवी मन्दिरमा भित्र्याइयो फूलपाती

**टुडे समाचारदाता**

जनकपुरधाम । नवरात्रिको सातौं दिन जनकपुरधामस्थित शक्तिपीठहरूमा फूलपाती भित्र् याइएको छ। राजदेवी मन्दिरलगायत जनकपुरधामकादर्जनौंशक्तिपीठहरूको पूजाघरमा विधिपूर्वक फूलपाती भित्र्याइएको छ।



नेपाली सेनाको टोलीले बाजागाजासहित उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, दारिम, जयन्ती, अशोकको फूल, मान वृक्ष र अन्य मौसम अनुसारका फूलहरू राखेर ल्याइएका फूलपाती राजदेवी मन्दिरमा विधि विधानका साथ पूजापाठ गर्दै भगवती स्वरूप माता राजदेवीको अगाडि राखिएको छ।

फूलपाती भित्र् याउनेलाई तराई मधेशमा बेलतोरी भनिन्छ। षष्ठी तिथिका दिन बेलतोरी अर्थात् माता भगवतीको आँखा बनाउन प्रयोग गरिने बेललाई छेक्ने गरिन्छ । सोही बेललाई तोडेर भित्र्याउने कार्यलाई बेलतोरी भन्ने गरिन्छ।

खासगरी पूजाका लागि माता दुर्गाको बनाइएको माटोका मूर्तिको आँखा बनाउने (फोड्ने) कार्यमा बेलको फल प्रयोग गरिन्छ । सो बेलको बीउले सप्तमीका दिन १२ बजे राति माता दुर्गाको आँखालाई पूर्ण आकृति दिने गरिन्छ। तर, राजदेवी मन्दिरमा माटोको माता भगवतीको मूर्ति नभए पनि सोही विधि विधानअनुसार माता राजदेवीको पिडीमा रहेको आँखा आकृतिलाई पूर्ण रूप दिने गरिन्छ । माताको पूर्ण आकृति तयार भएपछि अष्टमीका दिन बिहान महिलाहरूले परिवारमा सुखशान्ति र सन्तानको दीर्घायुको कामना गर्दै खोंइच भर्ने गर्छिन।

खोंइच भराइएपछि सोमाबर अष्टमीको बेलुका भव्यताका साथ निसा पूजा गरिनेछ भने निशा पूजा पश्चात बलि प्रदान कार्यक्रम हुनेछ। जनकपुरधाममा प्रत्येक वर्ष १५ हजारको हाराहारीमा बलि प्रदान हुँदै आएको छ । सोही हाराहारीमा यस वर्ष पनि बलि प्रदान हुने अनुमान गरिएको छ।

# देवी प्रतिमा सर्वसाधारणको लागि दर्शन गर्न खुला

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीसहितका मिथिला क्षेत्रमा आज देवी प्रतिमा सर्वसाधारणको दर्शनका लागि खुला गरिएका छन् । मिथिलामा शारदीय नवरात्र (बडादसैँ)का अवसरमा निर्मित दुर्गा भवानीका प्रतिमा आइतबार महासप्तमी (फूलपाती)का दिन बेलको भेट्नुले आँखा खोलिएसँगै सर्वसाधारणको दर्शनका लागि खुला गरिएका छन्।



पर्वका अवसरमा माटो मुछेर बनाइएका देवी प्रतिमाको आँखा सप्तमीका दिन बेलफलको भेट्नुले खोस्रेर उघारेपछि प्रतिमास्थलको पर्दा उघार्ने मैथिल परम्परा छ।

आँखा नउघारिएसम्म देवी प्रतिमाको प्राणप्रतिष्ठा नहुने भएकाले फूलपातीका दिनमात्र आँखा उघारेर प्रतिमा सर्वसाधारणका लागि खुला गरिन्छ। आँखा उघारेर प्राणप्रतिष्ठा गरिएपछि प्रतिमामा साक्षात देवी अवतरित हुने जनविश्वास छ।

देवी प्रतिमास्थल खुला गरिनुअघि आइतबार बिहानै बाजागाजासहित बेलको रुखनिर पुगेको पुरोहितसहितको टोलीले आँखा उघार्ने प्रयोजनका लागि शनिबार (षष्ठी अर्थात् नवरात्रको छैटौं दिन) निम्ता गरिएको बेल टिपेर ल्याएका थिए । त्यही बेलको भट्नुले देवी प्रतिमाको आँखा खोस्रेर उघारिएको थियो । यसअघि हिजो षष्ठीका दिन बेललाई रातो रुमालले बाँधेर 'बेलनौत' (बेलनिम्ता) विधि सम्पन्न गरिएको थियो।

फूलपातीका दिन मिथिला क्षेत्रका देवी शक्तिपीठ र मन्दिरमा विशेष पूजाअर्चना गरेर पशुबलि दिन थालिएको छ । दसैँ पर्वका अवसरमा जिल्लाको औरही नगरपालिका-७ को भोइलस्थित सोनामाई मन्दिरमा नवरात्रको पाँचौं दिनदेखि नै भूतमेला (तान्त्रिक) सुरु भइसकेको छ।

अघि सत्ययुगमा दुर्गा भवानीले दमन गरेकी राक्षसी दुष्ट आत्मा र तिनका अनुयायीले दुःख दिएकाहरूको दुःख निवारणका लागि धामी-झाँक्रीले ती दुष्टात्मालाई तह लगाउन तान्त्रिक विधिबाट देवीको आराधना गरिने चलनलाई यहाँ बोलीचालीमा भूतमेला भन्ने गरिएको हो । यस्तो बेला साधकको साधनाबाट दुष्टात्मा त्यहीं नै छट्टाउने गरेका सोनामाईस्थानका मुख्य पुजारी केदार झाले जानकारी दिए।

महोत्तरीका देवी शक्तिपीठ र सोनामाई, बर्दिबास नगरपालिका-४ माइस्थानस्थित पञ्चधुरा माई, जलेश्वर नगरपालिका-१ स्थित संसारीमाई, राजदेवी माइ, भंगाहा नगरपालिका-५ स्थित गढीमाई, दुर्गा मन्दिर र पिपरा गाउँपालिकाको बनौलीमोडस्थित बौकीमाई मन्दिरमा फूलपाती विशेष पूजासँगै पशबलि दिन थालिएको छ।

महोत्तरीका यी देवी शक्तिपीठ र मन्दिरबाहेक ४० भन्दा बढी ठाउँमा देवी प्रतिमा निर्माण गरिएका छन् । यी ठाउँमा आयोजित दुर्गा मेला (जात्रा)मा आयोजित खेल तमासा हेर्न बिहानैदेखि दर्शकको भीड देखिएको थियो । मिथिलामा पर्वविशेषमा बनाइएका माटाका देवी प्रतिमा विजयादशमीका दिन जलाशयमा विसर्जन गरेसँगै दुर्गा मेला सम्पन्न हुने परम्परा छ।

# देवी दुर्गा भवानीको 'खोइछ' भरिँदै

**टुडे समाचारदाता**

महोत्तरी। दशहारा (बडादसैँ) पर्वका अवसरमा महोत्तरीसहितका मिथिला क्षेत्रमा देवी दुर्गाको ' खोइछ' (पोल्टा) भरिँदै छ । महासप्तमी (फूलपाती) लागेसँगै



मधेसको प्राचीन मिथिला क्षेत्रमा देवी दुर्गाको 'खोइछ' भर्न थालिएको हो । देवी शक्तिपिठ, मन्दिर र प्रतिमास्थलमा 'खोइछ' भर्नेको लाम छ।

मिथिलामा असोज शुक्ल सप्तमीदेखि नवमीसम्मका तिथिका अगाडि 'महा' जोड्ने गरिएको छ । मिथिलामा नयाँ बनाइएका माटाका देवी प्रतिमा आज बिहान प्राणप्रतिष्ठा गरिएसँगै दर्शनार्थीका लागि खुला गरिएका छन् । दर्शन खुला गरिएसँगै ' खोइछ' भर्न थालिएको हो । यो क्रम महानवमीको मध्यरातसम्म जारी रहने परम्परा छ।

दशहारा पर्वको सप्तमी तिथि प्रारम्भ भई फूलपाती भित्र्याइएसँगै देवी कालरात्रिको पूजाआराधना गरिएपछि 'खोइछ' भर्नेक्रम थालिन्छ। खासगरी विभिन्न समयमा गरिएका भाकलअनुसार देवीको सारीको अँचरा (पोल्टा) मा वस्त्रपरिधान, सौन्दर्य प्रशाधन, द्रव्य (सुन, चाँदीसहितका धातुबाट बनेका गहना), नरिवल, केरासहितका फलफूल र नगद भेटीसहित सामग्री चढाउने विधिलाई मिथिलामा 'खोइछ' भर्ने भन्ने गरिन्छ।

अहिले महोत्तरी जिल्लाको औरही नगरपालिका-७ स्थित सोनामाई देवी शक्तिपीठ, बदिबाास-४ माइस्थानस्थित पञ्चधुरा माई मन्दिर, बर्दिबास-१४ स्थित दुर्गामन्दिर, जलेश्वरस्थित सन्सारीमाई र राजदवी मन्दिरमा ' खोइछ' भर्न लाम लाग्नेमा महिलाको संख्या धेरै छ। 'खोइछ' मा पुरुष सहभागी हुनसक्ने भए पनि यो विधिमा भने महिला बढी सहभागी हुने गरेका छन् । मिथिलामा दसैंको सप्तमीदेखि नवमी तिथिभरि 'खोइछ' भरिने परम्परा छ।

'खोइछ' भरिनेक्रमसँगै बडादसैँ पर्वको महासप्तमी पर्वका दिन यी ठाउँ (देवीस्थल)मा वलि दिनेक्रम सुरु हुन्छ । फूलपाती विधि सम्पन्न भएसँगै सप्तमीकै दिन सुरु हुने बलि नवमीसम्म जारी रहन्छ । जिल्लाको प्रसिद्ध सोनामाई देवी शक्तिपिठमा आज मधेसका जिल्ला र छिमेकको भारतीय जिल्लाबाट हजारौंको संख्यामा भक्तजन दर्शन, पूजाआराधना र 'खोइछ' भर्न पुगेका छन् ।

# पुरुष भलिबलको उपाधि धनुषालाई



**टुडे समाचारदाता**

घारिबथान। सर्लाहीको ईश्वरपुर नगरपालिका-१२, कालिन्जोर घारिबथानमा सम्पन्न भएको प्रथम मधेश प्रदेश पुरुष भलिबलको उपाधि धनुषाले जितेको छ।

घारिबथान स्थित वडा कार्यालयको खेल मैदानमा भएको फाइनल भीडन्तमा सर्लाहीलाई ३-० को सोझो सेटमा पराजित गर्दै धनुषा विजेता बनेको हो।

जितसँगै धनुषाले एक लाख १ हजार नगदसहित शिल्ड, मेडल र प्रमाण-पत्र प्राप्त गरेको छ। उपविजेता सर्लाहीले भने ७५ हजारमा चित्त बुझाएको छ।

त्यस्तै, बारालाई ३-० को सोझो सेटमा पराजित गरी तेस्रो भएको महोत्तरीले २५ हजार हात पारेको छ । प्रतियोगिताको विजेता, उपविजेता, तेस्रो भएको टिम र उत्कृष्ट खेलाडीलाई ईश्वरपुर नगरपालिकाका मेयर मनोजकुमार आचार्य, कालिन्जोरका वडाध्यक्ष देवी बहादुर खत्री, आयोजक कालिन्जोर युवा समूहका अध्यक्ष सुवास खड्का लगायत भएर पुरस्कार वितरण गरिएको प्रतियोगिताको आर्थिक समितिका संयोजक भिम खड्काले जानकारी दिए।

जिल्लाको उत्तर पूर्वी चुरेभेगमा पर्ने कालिन्जोरका युवाले सहयोग संकलन गरेर पहिलो पटक प्रदेशका आठै जिल्लाको टिमलाई सहभागी गराइ भलिबल प्रतियोगिता सम्पन्न गराएका छन्।

# मत्सरीस्थित दुर्गा मन्दिरमा वैदिक विधि विधान अनुसार पूजापाठ

**टुडे समाचारदाता**

रौतहट । दुर्गा भगवती गाउँपालिका - ३ मत्सरीमा रहेको दुर्गा मन्दिरमा विगत झैं यस वर्ष पनि भव्य रुपमा पूजापाठ भइरहेको छ।

वैदिक विधि विधानपूर्वक दुर्गाको भव्य पूजा घटस्थापनादेखि सुरु भएर विजया दशमीसम्म हुने गरेको छ। त्यसो त गाउँमा ३ सय ६५ दिन नै भगवतीको पूजा तथा आराधना भए पनि नवरात्रको अवधिमा विशेष नियम निष्ठापूर्वक गर्ने गरिन्छ।

वर्षौंदेखि गाउँलेहरूले सामूहिक रुपमा पूजा गर्दै आएका छन् । गाउँलेहरूले नै बनाएको दुर्गा पूजा समितिले पूजाको सम्पूर्ण व्यवस्थापन गर्दै आएको छ।

नवरात्र अवधिभरिमा घटस्थापना गरेर २४ घण्टे दुर्गा सप्तशतीको पाठका साथै प्रत्येक दिन वेद पाठ, पुराणको पाठ तथा अन्य प्रकारको अनुष्ठानको आयोजना हुँदै आएको छ।

मैथिल बाहुनहरूको बाक्लो बसोबास रहेको मत्सरीमा शक्तिको उपासना पहिलादेखि नै हुँदै आएको छ । एक्कै परिवारबाट विस्तारित भएको सम्पूर्ण गाउँको इतिहास मध्यकालीन मिथिलाका राजधानीसँग जोडिएको छ।



बागमती नदीको पश्चिम तटमा हाल अवस्थित रहेको मत्सरी गाउँलाई पटक पटक बागमतीले कटान गरेपछि केही दशक अगाडि नदीमा स्थायी तटबन्धको निर्माण गरेर सुरक्षित पार्ने काम भएको छ।

नवरात्रको सातौं दिन मध्य रातमा कालरात्रिको विशेष पूजा रातभरि नै हुने गर्दछ। रातभरि नै मन्दिर परिसरमा भक्तजनहरूको भीड रहन्छ। आइतबार फूलपाती विधि अन्तर्गत वेलपत्रसहित अन्य वनस्पतिहरू मन्दिरमा भित्र्याउने विधि सम्पन्न भएको छ।

बाजा गाँजा झाँकी,हेलिकोप्टरबाट पुष्पवृष्टि गर्दै हात्ती घोडासहितको शोभा यात्राले षष्ठी तिथिका दिन वेलपत्रलाई न्यौता दिने काम भएको थियो । आइतबार मध्य रातमा कुभिन्डोको बलि दिइने छ । बोका बलि सोमबारबाट सुरु हुनेछ।

दुर्गा पूजालाई भव्यता दिनका लागि नाचगान तथा अन्य प्रकारका मनोरञ्जनको व्यवस्था गरिएको छ । षष्ठी तिथिदेखि एकादशी तिथिसम्म विशेष मेला लाग्ने गरेको छ । मन्दिरमा भाकल अनुसारको प्रसादसहितका बोका बलि तथा दर्शन गर्नका लागि नेपाल तथा भारतका विभिन्न ठाउँबाट ठूलो संख्यामा भक्तजनहरू मत्सरीको दुर्गा मन्दिरमा आउने गरेका छन्।

# पेट्रोल पम्पको गोदाममा आगलागी

टुडे समाचारदाता

जनकपुरधाम। धनुषाको मिथिला नगरपालिका ढल्केवरस्थित सुरेश सर्राफले सञ्चालन गरेको पेट्रोल पम्पको स्टोरमा आगलागी भएको छ। पाइपबाट पेट्रोल लिक भएर आगलागी भएको बताइएको छ।

आगलागीले कुनै मानविय क्षति नभएको र आर्थिक नोक्सान भएको बारे विवरण संकलन कार्य भइरहेको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ। प्रहरीको अनुसार करिव एक घण्टापछि आगो नियन्त्रण भएको थियो। नेपाली सेना, शसस्त्र प्रहरी र नेपाल प्रहरीले स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिएको थियो।

**हावाहुरीबाट बचौं र बचाऔं ।**

**हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतमा गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछौडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दोस्रो पटक वडाध्यक्ष कपको उपाधि

**टुडे समाचारदाता**

परवानीपुर । सर्लाहीको लालबन्दी नगरपालिका-१६ परवानीपुरले दोस्रो पटक वडाध्यक्ष कप फुटबलको उपाधि हात पारेको छ।

वडास्थित भोर्लेनी खेल मैदानमा सम्पन्न ५ औं वडाध्यक्ष कप फुटबलमा वडा नं. ६ लाई २-० गोल गर्दै वडा नं. १६ दोस्रो पटक च्याम्पियन बनेको हो। यसअघि गत वर्ष लालबन्दी १ नवलपुरमा सम्पन्न चौँथो वडाध्यक्ष कपको उपाधि पनि वडा नं. १६ ले जितेको थियो। यो पटक आफ्नै मैदानमा भएको प्रतियोगिताको उपाधि उसले अन्य वडालाई लान दिएनन्।

जितसँगै वडा नं. १६ ले ७० हजार नगद, कप, मेडल र प्रमाण-पत्र प्राप्त गरेको छ । उपविजेता वडा नं. ६ ले भने ३५ हजार रुपैयाँमा चित्त बुझाएको छ।

प्रतियोगिताको विजेता तथा उपबिजेता र उत्कृष्ट खेलाडीलाई लालबन्दी नगरपालिकाकी उपमेयर कल्पनामाया पाख्रिन, वडाध्यक्ष गणेशबहादुर थापालगायत पुरस्कार वितरण गरेका छन्। प्रतियोगितामा लालबन्दी नगरपालिकाभित्रका १७ वटै वडाले सहभागिता रहेको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८